# राजापुर नगरपालिकाको स्थानीय रोजगार रणनीति
## (२०८१/०८२ -०८५/०८६)

राजापुर नगरपालिका

राजापुर कार्यपालिकाको कार्यालय

राजापुर, बर्दिया

२०८

कार्यपालिकाबाट स्वीकृत मिति :२०८०।०३।२६
नगर प्रमुखबाट प्रमाणित मिति:२०८०।०३।२८

# राजापुर नगरपालिकाको

# राजापुर नगरपालिकाको स्थानीय रोजगार रणनीति

# (२०८१/०८२ -०८५/०८६)

राजापुर नगरपालिका
राजापुर, बर्दिया
२०८१

# बिषय सूची


कार्यकारी सारांश ..............................................

खण्ड –१ रणनैतिक सन्दर्भ: (Strategic Context).....................

१.१ पृष्ठभूमी.............................................. १–२

१.२ रोजगार रणनीतिको आवश्कता/औचित्य........... ३–४

१.३ अध्ययन पद्धति........................................... ४

१.४ क्षेत्र ................................................................ ४–५

१.५ सीमा............................................................ ५

खण्ड २:वर्तमान अवस्थाको विश्लेषण (Current Situation Analysis)............ ६–२०

खण्ड ३:रणनैतिक विश्लेषण (Strategic Analysis)............................... २१–२२

खण्ड ४:रणनैतिक सवालहरु (Strategic Issues).................................. २२–२४

खण्ड ५:दूरिदृष्टि,ध्येय र उदेश्य (Long term Vision, Mission and Objectives)...........२४–२५

दूरदृष्टि (Vision)

ध्येय (Mission)

उदेश्य (Objectives)

खण्ड ६:रणनैतिक लक्ष्यहरु (Strategic Goals)................................ २५–२६

खण्ड ७:रणनैतिक स्तम्भ,प्रमुख रणनीतिहरु (Major Strategies).................... २७

७.१ प्रमुख कार्यनीतिहरुः......... २८–३४

खण्ड ८ :पाँच बर्षको रणनैतिक कार्ययोजाहरु (Strategic Action Plan).........................३५

खण्ड ९ :श्रोत परिचालन र बजेट ब्यवस्थापन

(Resource Mobilizations and Budget Management) ................................ ३५–३७

खण्ड १० : रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मुल्यांकन सम्बन्धी ब्यवस्था
(Steering Committee, Monitoring and Evaluation) ...............................................

१०.१ स्थानीय रोजगार रणनीति निर्देशक समितिको गठन...................................... ३७ –३८

१०.२ स्थानीय रोजगार रणनीति निर्देशक समितिको काम कर्तब्य अधिकार............. २४ –२५

१०.३ स्थानीय रोजगार रणनीति निरीक्षण,अनुगमन तथा मूल्यांकन समितिको गठन.... ३७

१०.४ रोजगार रणनीति निरीक्षण ,अनुगमन तथा मूल्यांकन समितिको काम कर्तब्य र अधिकार ३८ –३९

खण्ड ११: जोखिम ब्यवस्थापन (Risk Management)................................. ३९ –४१

अनुसूचीहरु:.................................................................................................... ४२ –६०

# कार्यकारी सारांश

राजापुर नगरपालिकामा दिगो तथा उत्पादनमूलक रोजगारीका अवसरहरू सिर्जना गरी यहाँका बासिन्दाहरूको आर्थिक समृद्धि र जीवनस्तरमा सुधार ल्याउन आगामी पाँच वर्षको लागि नगरपालिका भित्र बेरोजगारी घटाई रोजगारीका अवसरहरु वृद्धि गर्न स्पष्ट र व्यवहारिक कार्ययोजना सहितको रोजगार रणनीतिको रूपरेखा गरिएको छ।यस रणनीतिको ध्येय रोजगारीका अवसरहरू वृद्धि गर्ने, जनशक्तिको सीप वृद्धि गर्ने र रोजगारी पूर्वाधारमासुधार गर्ने हो। यसका लागि कृषि र पर्यटन जस्ता स्थानीय उद्योगहरूको विकास र प्रवर्द्धन गर्ने र साना तथा मझौला उद्यम (एसएमई)लाई सहयोग गर्दै उद्यमशीलतालाई प्रोत्साहन गर्ने, स्थानीय श्रमशक्तिको लागि श्रम बजारको सुनिश्चित गर्न शैक्षिक संस्थाहरू, अन्य सरकारी निकाय तथा नीजि क्षेत्रसँगको साझेदारीमा व्यावसायिक तालिम र सीप विकास कार्यक्रमहरू लागू गर्ने उद्देश्य लिइएको छ। यस नगरपालिकाले उच्च बेरोजगारी दर र सीमित औद्योगिक उपस्थिति लगायतका विभिन्न आर्थिक चुनौतिहरूको सामना गरिरहेको छ। तर, पालिकाले कृषि, पर्यटन र स्थानीय हस्तकलामा असीमित सम्भावना बोकेको छ । यो रणनीतिक योजनाले थप गतिशील र लचिलो स्थानीय अर्थतन्त्र सिर्जना गर्न यी अवसरहरूको सदुपयोग गर्नेछ। रणनीतिका प्रमुख रणनीतिक प्राथमिकताहरूमा कृषि व्यवसायको विकास, पर्यटन प्रवर्द्धन, उद्यमशीलता र साना तथा मझौला उद्यमहरूलाई सहयोग गर्ने विषयहरु समावेश गरिएको छ।यी प्राथमिकताहरू हासिल गर्नका लागि कार्य योजनामा आधुनिक कृषि प्रविधि सम्वन्धी तालिम कार्यक्रमसञ्चालन गर्ने, पर्यटकीय आकर्षणको लागि होमस्टे संचालन गर्ने र आवास सुविधामा सुधार गर्ने र व्यापार इन्क्युबेशन सेन्टरहरू स्थापना गर्ने कार्य गरिनेछ। यी कार्यक्रम सार्वजनिक-निजी साझेदारीका माध्यमबाट स्रोतको सन्तुलित विनियोजन मार्फत संचालन गरिनेछ। सरकारी अनुदान, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको सहायता र निजी लगानीबाट बजेट व्यवस्था गरिनेछ ।रोजगारी दर, व्यावसायिक र सीप विकास कार्यक्रमहरूमा सहभागिता र स्थानीय व्यवसाय र स्टार्टअपहरूको वृद्धि जस्ता रणनीतिका उपलव्धी मापन गर्न नतिजा खाका वा मुख्य कार्यसम्पादन मेट्रिक्स ट्र्याक गरिनेछ। सम्पूर्ण क्रियालापहरुको समन्वय, नियन्त्रण, निर्देशन, अनुगमन र मूल्यांकन गर्न निर्देशक समिति र अनुगमन समिति जस्ता संयन्त्र निर्माण गरिनेछ । यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि सीमित वित्तीय स्रोत,स्थानीय समुदायहरूबाट हुन सक्ने असहयोग, सरोकार निकायहरुसँगको समन्वयमा कमि र बाह्य वातावरणीय कारकहरू जस्ता प्रमुख जोखिमहरूको आँकलन गरिएको छ। यस्ता जोखिम न्यूनिकरणका लागि विभिन्नकोष खडा गरि बित्तीय स्रोतको सुनिश्चितता गर्ने, समुदायसँग सहकार्य गर्ने, प्रदेश तथा संघीय सरकारसँग समन्वय गर्ने र अनुकूल आर्थिक नीतिहरू अपनाउने जस्ता कुराहरुमा ध्यान दिइनेछ। अन्तमा, राजापुर नगरपालिकाको यस रोजगार रणनीतिले रोजगारीका विविध क्षेत्रको पहिचान, थप रोजगारी सृजना, जनशक्तिको दक्षता अभिवृद्धि र पूर्वाधारमा सुधार गरी जीवन्त स्थानीय अर्थतन्त्र सिर्जना गर्ने लक्ष्य राखेको छ। यस योजनाको सफल कार्यान्वयनले आर्थिक स्थायित्व, गरिबी घटाउने र सबै बासिन्दाहरूको जीवनस्तरमा सुधार ल्याउनेछ। नगरपालिकाको नेतृत्व यस रणनीतिक दृष्टिकोणमा पूर्ण रूपमा प्रतिबद्ध छ र सबै सरोकारवालाहरूको सक्रिय सहभागिता र सहयोगको अपेक्षा गर्दछु।

दिपेश थारु

नगर प्रमुख

राजापुर नगरपालिका

## खण्ड - १ रणनैतिक सन्दर्भ (Strategic Context)

### १.१ पृष्ठभूमी

नेपालको संविधानको प्रस्तावनामा समृद्धिको आकांक्षा पूरा गर्ने प्रण गरिएको र सो आकांक्षा पूरा गर्न संविधानमा नै विभिन्न प्रावधानको व्यवस्था गरिएको छ । संविधानको धारा ३३ मा रोजगारीको हक अन्तर्गत प्रत्येक नागरिकलाई रोजगारीको हक हुने र रोजगारीको छनौट गर्न पाउने हक हुने कुराको प्रत्याभूति गरिएको छ । धारा ३४ मा श्रमको हक अन्तर्गत प्रत्येक नागरिकलाई उचित श्रम अभ्यासको हक हुनेछ भनी श्रम अभ्यासमा नागरिकहरुलाई अग्रसर गराउने कुराको उद्घोष गरिएको छ । संविधानका विभिन्न धाराहरुमा श्रमिकहरुको हक, श्रमको छनोट, सामाजिक न्याय, समावेशिता र उद्यमशीलता अनुशासित, मर्यादित र सुरक्षित श्रम अधिकारमा आधारित रोजगारीको प्रवन्ध आदिको व्यवस्था गरिएको छ ।

संविधानकै धारा ५१ (ग) र (घ) मा राज्यका नीति अन्तर्गत समुन्नत आर्थिक विकास सम्वन्धी विभिन्न नीतिहरुको प्रवन्ध गरिएको छ। संविधानको धारा १७ मा श्रम प्रतिको अवहेलना गर्न नहुने धारा १९ मा श्रम प्रतिको अवहेलना जातीय छुवाछुत एवम् लैंगिक आधारमा भेदभाव हुने सञ्चार गर्न नहुने धारा ४२ ले सामाजिक न्यायको अधिकार हुने धारा ५० को उपधारा (२) ले सबै प्रकारका विभेद शोषण र अन्यायको अन्त्य श्रमको सम्मान उद्यमशिलता अनुशासन मर्यादा र सहिष्णुतामा आधारित सामाजिक साँस्कृतिक मूल्यहरुको विकास गर्ने आदि श्रम र रोजगार सम्वन्धी सन्दर्भहरु उल्लेख गरिएको छ। सरकारले संविधानको व्यवस्थाको अलावा श्रम तथा रोजगारीलाई व्यवस्थित गर्नको लागि विभिन्न नीतिगत व्यवस्था समेत गरेको छ। नेपाल सरकारले श्रम तथा रोजगारीकालाई व्यवस्थित बनाउन श्रम ऐन, २०७४ तथा श्रम नियमावली,२०७५, वैदेशिक रोजगार ऐन, २०६४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४, रोजगारीको हक सम्वन्धी ऐन, २०७५, तथा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५, ट्रेड युनियन ऐन २०४९ जारी गरी कार्यान्वयनमा आएका छन् । राष्ट्रिय रोजगार नीति २०७१, बैदेशिक रोजगार नीति २०६८ र श्रमको सम्मान राष्ट्रको अभियान सम्वन्धी रणनीति २०७८ जस्ता राष्ट्रिय नीति तथा रणनीतिहरु तर्जुमा गरी जनताको न्युनत्तम रोजगारीको हक स्थापित गराउने प्रयास भैरहेको छ तथापी रोजगारी तथा स्वरोजगारी सिर्जना गरी बेरोजगारी घटाउने दिशामा ठोस उपलव्धी हाँसिल हुन सकिरहेको छैन । नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप श्रमशक्ति श्रम बजारमा प्रवेश गर्ने गर्दछन् । नयाँ श्रमशक्तिको लागि पर्याप्त रोजगारीका अवसर सृजना हुन नसकेका कारण श्रमको माग र आपूर्ति बीच ठूलो अन्तर रहेको देखिन्छ । नेपालको आन्तरिक श्रम बजारको प्रशोचन क्षमता न्यून रहेको छ । श्रम

बजारमा प्रवेश गर्ने व्यक्तिको संख्याभन्दा कमै मात्रामा रोजगारी सिर्जना हुने गरेको अवस्था छ । परिणामस्वरुप अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जान बाध्य हुने गरेका र बेरोजगारी बढिरहेको छ । नेपालमा जातजातिका आधारमा कामको बाँडफाँड गरिएको हुनाले उपलब्ध आन्तरिक रोजगारीका कतिपय अवसरहरुमा सामाजिक प्रतिष्ठाका कारण युवाहरुलाई आकर्षण गर्न नसकेको अवस्था छ। देशमा आन्तरिक रोजगारीका व्यवस्थापन गर्न नसकिँदा दैनिक करिब १५०० जनशक्ति वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ। औसतमा ६० प्रतिशत भन्दा बढी घरधुरीबाट कोही न कोही ब्यक्ति वैदेशिक रोजगारीमा रहेको देखिन्छ। नेपालको आन्तरिक श्रम बजारमा श्रमिकको माग आपूर्ति गर्न आवश्यक पर्ने श्रमिकको संख्या, ज्ञान, सीप, योग्यता र अनुभवको आधारमा सीपमूलक श्रमशक्तिको विकास गर्न स्थानीय तहको भूमिका महत्वपूर्ण हुने देखिन्छ ।

रोजगारी बहुआयामिक तथा अन्तरसम्बन्धित विषय हो। रोजगारीको आफ्नो कुनै विशेष क्षेत्र हुँदैन। यो विभिन्न क्षेत्रहरूमा सिर्जना हुने हो। रोजगारी सिर्जना कुनै एक तह, क्षेत्र वा कार्यक्रमबाट हुने पनि होईन।यसका लागि त सबै तह, क्षेत्र र कार्यक्रम बीच समन्वय र सहकार्य हुनु आवश्यक छ। गरिबी र रोजगारी अन्तरसम्बन्धित विषय रहेकोले गरिबी बढ्दा बेरोजगारी बढ्छ, रोजगारी बढ्दा बेरोजगारी घट्छ र यसले गरिबी घटाउन मदत गर्छ । रोजगारीले गरिबी तथा बेरोजगारी दर बीचको सन्तुलन कायम गरेको हुन्छ ।त्यसैले दिगो आर्थिक वृद्धि, गरिबी तथा बेरोजगारी न्यूनीकरणको मुख्य आधार नै उत्पादनशील रोजगारी रहेको छ । उत्पादनशील रोजगारीले मानिसको आयआर्जन क्षमतालाई बढाउँछ र यसले बेरोजगारी तथा न्यून रोजगारलाई कम गर्दछ। शिक्षा र रोजगारी बीचको अन्तरसम्बन्ध पनि एकदम महत्वपूर्ण हुन्छ ।

शिक्षाले नै स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय श्रम बजारका आवश्यकताहरु परिपूर्ति गर्ने सीपयुक्त दक्ष, सक्षम,प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने काम गर्छ। प्राविधिक र जीवनोपयोगी शिक्षामा पहुँचको कमीका कारण देशमा बेरोजगारी दर बढ्दो क्रममा रहेका छन् । रोजगारीसंग अन्तर सम्बन्धित रहेका गरिबी न्यूनीकरण, सीप तथा क्षमताको विकास, रोजगारीका अवसरमा विपन्न वर्गको पहुँच स्थापना गर्ने र सीपमूलक तथा व्यवसायिक शिक्षाको व्यवस्था गर्ने कार्यमा समेत स्थानीय तहको भूमिका अपरिहार्य रहेको छ । सङ्घीय सरकारद्वारा जे जति श्रम र रोजगारसँग सम्वन्धित नीतिहरु निर्माण भएका छन ती नीतिहरु स्थानीयकरणनभए सम्म स्थानीय श्रम तथा रोजगार प्रवर्धनमा टेवा पुग्न सक्दैन । त्यसैले स्थानीय सरकार, निजी क्षेत्र र सहकारी क्षेत्रको सहकार्य र संलग्नताद्वारा संविधानले प्रत्याभूत गरेको रोजगारीको हकको प्रचलनमा टेवा पुर्याउन स्थानीय तहमा समेत रणनैतिक प्रयासको आवस्यकता रहेको छ।

## १.२ रोजगार रणनीतिको आवश्यकता/औचित्य

नेपालमा स्थानीय तहमा श्रम व्यवस्थापन तथा रोजगार नीति तथा रणनीतिहरु प्रभावकारी हुन नसकेको र रोजगारलाई स्थानीयकरण गर्न नसकिएको कारण हजारौं युवाहरु वैदेशिक रोजगारीमा पलायन भएका छन् भने दुर्गम क्षेत्रबाट शहरी क्षेत्रमा बसाई सरी जानेको संख्या बढ्दैछ। ग्रामिण क्षेत्रमा बस्नेहरुको समेत रोजगारीको अभावमा दैनिक जीवनयापनमा कठिनाई भइरहेको छ। वैदेशिक रोजगारीले मुलुकको अर्थतन्त्रमा उल्लेख्य योगदान गरेको भए तापनि स्थानीय स्तरमा युवा जनशक्ति परिचालनको कमिले दिगोरोजगारी र स्थानीय पूँजीमा भने नकारात्मक असर पुगिरहेको छ। जसले गर्दा स्थानीय तहको आन्तरिक पूँजी निर्माण हुन सकेको छैन भने अर्को तिर गरीबी समेत घट्न सकेको छैन। स्थानीय स्तरमा श्रमको सम्मानर दीगो रोजगारी प्रवर्धन हुन नसक्दा सामाजिक प्रतिष्ठाकै लागि भए पनि मानिसहरु वैदेशिक रोजगारीकोबाटो अवलम्वन गर्न वाध्य छन्] यसको अलावा युवाहरुलाई उपयुक्त रोजगारीमा संलग्न गराउन नसक्दा स्थानीय जनसांख्यिक लाभ समेत प्राप्त गर्न नसकेको हुनाले पनि गाउँको आन्तरिक पूँजी निर्माणमा कठिनाई भइरहेको छ। राजापुर नगरपालिका भित्र रोजगारीको अवसर सिर्जना गरी बढ्दो बेरोजगारी र गरीबीलाई न्यूनीकरण गर्न नेपालको संवैधानिक र कानूनी व्यवस्था बमोजिम प्रत्येक नागरीकलाई रोजगारीको हकको सुनिश्चितता गरीस्थानीय नागरीकलाई स्वदेशमै रोजगारीमा संलग्न गराउन स्थानीय सरकार प्रतिवद्ध रहेको छ । आर्थिक वृद्धि र गरीवी न्युनिकरणको आधार नै उत्पानदशील रोजगारी रहेको हो। नागरीकको संविधान प्रदत्त रोजगारीको हकलाई सुनिश्चित गर्न, उत्पादनशील रोजगारी र विकासका पूर्वाधारका क्षेत्रमा नेपालको श्रम शक्तिलाई प्रतिस्पर्धी एवं सुरक्षित रोजगारीमा संलग्न गराएर राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशील बनाईरोजगारीको हकलाई व्यवहारिक कार्यान्वयन गर्न स्थानीय तहमा रहेको श्रोत साधन प्रयोग गरी रोजगारीका राष्ट्रिय प्राथमिकता र दिर्घकालीन लक्ष्य प्राप्तिमा केन्द्रित हुनुपर्ने अवस्था रहेको छ । रोजगारी सम्वन्धी संबैधानिक व्यवस्था र कानूनी प्रावधान तथा संघ, प्रदेश र स्थानीय तहले तर्जुमा गरेका रोजगारी सम्बन्धी नीति, नियम, कार्यविधिलाई आम नागरीकको जीवनमा रुपान्तरण ल्याउने दिशामा उपयोग गर्न राजापुर नगरपालिकामा रोजगार रणनीतिको आवश्यकता महशुस गरिएको छ। श्रोत साधनको समुचित उपयोग मार्फत यस नगरपालिकामा आन्तरिक रोजगारी सिर्जना गर्न सहयोग पुग्ने र यसबाट न्यूनतम रोजगारीका कार्यक्रम, उद्यमशीलता तालिम, व्यवसायीक सिप विकास, सिपयुक्त जनशक्ति परिचालन गर्ने वस्तुगत आधार प्रदान गर्ने अपेक्षा गरिएको छ। राष्ट्रिय रोजगार नीति २०७१ ले नेपालमा उपलब्ध श्रम शक्तिलाई प्रतिस्पर्धी बनाउँदै श्रम बजारको माध्यमवाट उत्पादनशील, मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशील बनाई गरिबी निवारणमा योगदान

पुर्याउने दूरदृष्टि राखेको छ । उक्त दूरदृष्टि बमोजिम प्रमुख उदेश्यहरु र वियय बस्तुलाई आत्मसात गरी यस राजापुर नगरपालिकाको स्थानीय रोजगार रणनीति तर्जुमा गर्न लागिएको हो।

## १.३ अध्ययन पद्धति

यो रणनीति तर्जुमा गर्दा प्राथमिक र द्वितीय गरी दुबै स्रोतबाट तथ्यांक तथा सूचना संगलन तथा साभार गरिएको थियो । प्राथमिक तथ्यांक संकलनका लागि स्थानीय तहको रोजगार रणनीति निर्माण सम्वन्धी मार्गदर्शन २०८० को अनुसूची २ र अनुसूची ३ बमोजिमका प्रश्नावली फाराम (यस रणनीतिको क्रमशःअनुसूची १ र अनुसूची २ मा राखिएको) प्रयोग स्थानीय रोजगारदातासँग सम्बन्धित सूचना र स्थानीय सरोकारवालासँग सामाजिक आर्थिक एवं आगामी रणनीतिका लागि स्थानीय श्रोत साधन अवसर चुनौती तथा रोजगारका सम्भावना सम्बन्धी प्रश्नावली मार्फत सूचना तथा तथ्यांक संकलन गरिएको थियो। यसका अतिरक्त राष्ट्रिय रोजगार नीति २०७१, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, *iLG-Profile* , राजापुर नगरपालिका २०८० , राष्ट्रिय आर्थिक गणना २०७५, नेपाल जीवनस्तर चौथो सर्वेक्षण २०७९।०८०, श्रम शक्ति सर्वेक्षण २०७४।७५, सर्वेक्षण २०७९।०८०, पन्ध्रौं आवधिक योजना र वार्षिक वजेट, दीगो विकास योजना, राजापुर पालिकाको आवधिक योजना र नीति निर्देशिकाहरु लगायतका दस्तावेजहरु बाट द्वितीय तथ्यांक संकलन गरी अध्ययन र बिश्लेषण गरिएको थियो ।

## १.४ क्षेत्र

यस रणनीतिक योजना निर्माणको अध्ययनका क्षेत्रहरु रेहाय बमोजिम छनः

- यस रणनीति लागू हुने भौगोलिक क्षेत्र राजापुर नगरपालिका मात्र भएको हुनाले सो भौगोलिक क्षेत्र भित्रको स्थिति अध्ययन गरिएको छ।
- राजापुर नगरपालिका क्षेत्र भित्र रहेका रोजगार र बेरोजगारको जनसंख्या, औद्योगिक प्रतिष्ठानहरुको संख्या, ति प्रतिष्ठानहरुमा कार्यरत जनशक्तिको अवस्था, क्षमता र भविष्यमा आवस्यक पर्न सक्ने जनशक्तिको अवस्था लगायतका पक्षहरुको अध्ययन, सम्भावित रोजगारीका क्षेत्रहरुको पहिचान र भविष्यमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन लगायतका विषयहरु यस अध्ययनका विषयगत क्षेत्र रहेका छन ।
- यस क्षेत्रका श्रम शक्तिको वैदेशिक रोजगारीको अवस्था, स्थानीय रोजगारीको नीतिगत व्यवस्था समेत अध्ययनका क्षेत्रहरु हुन्।

- यो रणनीति भित्र समाविष्ट हुने क्रियाकलापहरु कार्यन्वयनको समय सीमा पाँच वर्षको भएको हुनाले सो अवधीका लागि लक्ष्य, उद्देश्य, नीति, रणनीति र सम्पादन गर्न सकिने क्रियाकलापहरुको पहिचान गरिएको र सो को समय सारिणी सहितको कार्ययोजना समेत प्रस्तुत गरिएको छ।

## १.५ सीमा

राजापुर नगरपालिका क्षेत्र भित्र रहेका रोजगार र बेरोजगारको जनसंख्या, औद्योगिक प्रतिष्ठानहरुको संख्या, तिप्रतिष्ठानहरुमा कार्यरत जनशक्तिको अवस्था, क्षमता र भविष्यमा आवस्यक पर्न सक्ने जनशक्तिको अवस्था लगायतका पक्षहरुको अध्ययन, सम्भावित रोजगारीका क्षेत्रहरुको पहिचान र भविष्यमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन लगायतका विषयहरु यस अध्ययनका विषयगत क्षेत्र रहेका छन । सूचना तथा तथ्यांकको प्राप्ति स्रोत दुई वटा प्रश्नावलीको माध्यमबाट प्राथमिक तथ्यांक संकलन र अन्य सबै तथ्यांकहरु द्वितिय स्रोतबाट संकलन गरी अध्ययन गरिएको छ । सरोकारवालाहरुको राय सुझावलाई सकेसम्म समेटेर रणनीतिलाई सहभागितामूलक बनाउने कोशिस गरिएको छ। तथापी पर्याप्त आर्थिक, भौतिक तथा मानवीय स्रोत साधन र समयको अभावले व्यापक रुपमा सहभागिता र प्राथमिक तथ्यांकको प्रयोगमा भने सीमितता रहेको छ।

# खण्ड २ :

वर्तमान अवस्थाको विश्लेषण **(Current Situation Analysis) :** गत आर्थिक वर्ष २०७९।०८० मा नेपालको आर्थिक वृद्धि दर केबल २.१६ प्रतिशत मात्र रहेको छ। कृषि क्षेत्रको वृद्धि दर २.७३ प्रतिशत र गैर कृषि क्षेत्रको वृद्धि दर १.९२ प्रतिशत मात्र रहेको छ । उत्पादनशील रोजगारी सिर्जना गर्नका लागि यो वृद्धि अत्यन्तै न्युन हो । सामान्यतया आर्थिक वृद्धिका प्रमुख स्रोतहरु सेवा क्षेत्र र कृषि क्षेत्र नै हुन । औद्योगिक क्षेत्रले अपेक्षा गरेभन्दा कम उपलब्धि हासिल गरेको अवस्था छ। विगत दशकमा राष्ट्रिय अर्थतन्त्रमा औषत २६.५ प्रतिशत हिस्सेदारी रहेको कृषि क्षेत्रको योगदान २४.१ र गैर कृषि क्षेत्रको योगदान ७५.९ प्रतिशत रहेको छ। मुलुकको अर्थतन्त्रमा कृषि क्षेत्रको हिस्सा घट्दोक्रममा रहेको भए पनि यस क्षेत्रले कूल श्रम शक्तिको करिब ७४ प्रतिशत लाई रोजगार प्रदान गरिरहेको छ, तर यसले श्रम उत्पादकत्वको कमजोर अवस्थालाई नै प्रतिविम्बित गर्दछ। विप्रेषणको आप्रवाह गत आर्थिक वर्षमा २५ प्रतिशतले वृद्धि भएको अवस्था छ जुन अत्यधिक धेरै हो । नेपाल श्रम शक्ति सर्वेक्षण, २०७४/०७५ अनुसार नेपालको बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ भने पुरुषको र महिलाको बेरोजगारी दर क्रमशः १०.३ र १३.१ प्रतिशत रहेको छ। यसै गरी शहरमा ११.६ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.९ प्रतिशत बेरोजगारी रहेको छ । नेपालको श्रमशक्ति सहभागिता दर ३८.५ प्रतिशत रहेको छ। यो दर शहरमा ४१.७ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२.९ प्रतिशत रहेको छ । यसै गरी पुरुष र महिलाको श्रमशक्तिमा सहभागिता दर क्रमशः ५३.८ प्रतिशत र २६.३ प्रतिशत रहेको छ । रोजगारमा रहेको जनसंख्यालाई प्रदेश अनुसार हेर्दा सबैभन्दा बढी (४३.८ प्रतिशत) बाग्मती प्रदेशमा र सबैभन्दा कम (२४.१ प्रतिशत) सुदुरपश्चिम प्रदेशमा रहेको छ । बेरोजगारी दरलाई प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी मधेश प्रदेशमा (२०.१ प्रतिशत) र सबैभन्दा कम बाग्मती प्रदेशमा (७ प्रतिशत) रहेको छ। नेपालको सबै प्रदेशहरुमा बेरोजगारी दर फरक फरक रहेको देखिन्छ । यसको अर्थ सबै प्रदेशहरुमा रोजगारीका अवसरहरु पनि समान रुपमा रहेको देखिदैन । जसको परिणाम स्वरुप श्रम बजारको माग र आपूर्ति बीचको सन्तुलन समेत नभएको देखाउँछ । प्रदेश अनुसार श्रमशक्तिमा सहभागिता दर सबैभन्दा बढी बाग्मती प्रदेशमा (४७.१ प्रतिशत) रहेको छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा (२७.३ प्रतिशत) रहेको छ। व्यक्तिहरुको मासिक पारिश्रमिक औषतमा रु १७,८०९ रहेको छ तर महिलाको पारिश्रमिक पुरुषको भन्दा रु ५,८३४ ले थोरै रहेको तथ्य सर्वेक्षणले देखाएको छ।नेपाल जीवनस्तर चौथो सर्वेक्षण २०७९।०८० को प्रतिवेदन अनुसार नेपालमा करिब २०.२७ प्रतिशत जनसंख्या (गरिबीको नयाँ रेखा अनुसार) गरिबीको रेखा मुनि रहेका छन्। गरिबीको दर शहरी क्षेत्र (१८.३४) को तुलनामा ग्रामीण क्षेत्र (२४.६६) रहेको छ। यस सर्वेक्षणमा गिनी सुचकाङ्क ०.३०


रहेको छ भने ग्रामीण र शहरी क्षेत्रको गिनी सुचकाङ्क मान क्रमशः ०.३०३ र ०.२८७ रहेको देखिन्छ। यसबाट शहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा धेरै गरिबी रहेको स्पष्ट हुन्छ ।राष्ट्रिय आर्थिक गणना २०७५ को नतिजाअनुसार नेपालमा सञ्चालित प्रतिष्ठानहरूको संख्या ९,२३,३५६ रहेको छ । यसमध्ये ४,६२,६०५ प्रतिष्ठानहरू दर्ता भएका (५०.१%) र ४,६०,४२२ प्रतिष्ठानहरू दर्ता नभएका (४९.९ %) र दर्ता स्थिति नखुलेका ३२९ (०.०४% ) सञ्चालनमा रहेको देखिन्छ ।प्रतिष्ठानहरूमा सक्रिय रूपमा संलग्न जनशक्ति संख्या ३२,२८,४५७ छन जसमध्ये पुरुष २०,१२,२३७ (६२.३%) र महिला १२,१६,२२० (३७.७ %) रहेको देखिन्छ।

## १ नगरपालिकाको संक्षिप्त परिचय

नेपालको लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लामा पर्ने राजापुर नगरपालिका भौगोलिक हिसाबले २८° २१" २५.१६' देखि २८° २९' ४३" उत्तरी आक्षांश र ८१° ३' २५.६३" देखि ८१° १२' ५२" सम्म पूर्वी देशान्तरसम्म फैलिएको छ । समुद्र सतहबाट १४२ मिटर देखि १५४ मिटर सम्मको उचाइमा अवस्थित राजापुर नगरपालिका ऐतिहासिक तथा धार्मिक महत्व बोकेको एउटा प्रमुख कृषि क्षेत्र हो । १२७.०८ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस नगरपालिकाको उत्तरमा गेरुवा गाउँपालिका ,दक्षिणमा भारत र पूर्वमा मधुवन नगरपालिका र पश्चिमतिर कैलाली जिल्ला रहेका छन्

राजापुर नगरपालिकालाई २०७१ पौष २५ गते साविकको दौलतपुर, नयाँगाउँ, राजापुर, बदलापुर, भिम्मापुर र मानपुर टपरा गा.वि.स. समावेश गरी १९ वडा सहितको राजापुर नगरपालिका घोषणा गरीएको थियो भने मिति २०७३ फागुन २२ गते साविकको राजापुर न.पा. र खैरिचन्दनपुर गा.वि.स. समावेश गरि जम्मा १० वडा कायम गरेको छ । यस नगरपालिकाको नाम राजापुर रहनुको कारण विभिन्न जनविश्वास र ऐतिहासिक पृष्ठभूमि रहेका छन् । कहिले गोलामण्डी, कहिले राजापुर नाम भएको यस ठाउँमा राजाराम कुर्मीको नामबाट राजापुर भएको हो भन्ने कथन रहेको छ भने अर्को कथन अनुसार यस ठाउँमा पहिला ठकुरी जातिका राजा रजौटाहरुले बसोबास गर्थे पछि राजा राजा हुंदै राजापुर भएको हो भन्ने विश्वास पाइन्छ । नगरपालिकामा पठनपाठनका लागि २९ वटा आधारभुत (१—५), ९ वटा आधारभुत (१—८), ६ वटा मा.वि. (१—१०) र ६ वटा मा.वि. (१—१२) गरी जम्मा ५० वटा विद्यालय र ७५ वटा बालविकास केन्द्रहरु शिक्षण संस्थाहरु रहेका छन् । बर्दिया जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरुमा धेरै सम्भावना बोकेको नगरपालिकाको रुपमा राजापुर नगरपालिका त छँदैछ यसका अतिरिक्त सचेत राजनैतिक दल र उत्प्रेरीत नगरवासी समेत यो नगरपालिकाका दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन् । यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ ।

घरधुरी तथ्याङ्क संकलन २०८० अनुसार कुल जनसख्या ६०९२७ मध्ये महिला ३०२८८ ,पुरुष ३०६२४ र अन्य लिङ्ग १५ जना छन । यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । सबैभन्दा बढी थारु ४७६१७ जना (७८.२%), दोस्रोमा पहाडी ब्राम्हण/क्षेत्री ४०४९ (६.६%) र तेस्रोमा दलित २६२४ (४.४%) हरुको बसोबास रहेको छ । शहरी र ग्रामिण क्षेत्रको रुपमा रहेको नगरमा ब्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा समेत रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्याधिक बढिरहेको छ । विगतमा योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघि, होलि, गौरा, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, छठपर्व, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।


राजापुर नगरपालिका
बस्तुगत विवरण
N
S
W
E
संकेत
धार्मिक स्थल
चर्च
वडा कार्यालय
विद्यालय
स्वास्थ्य चौकी
गाउँपालिका / नगरपालिका सिमाना
वडा सिमाना
नदी सञ्जाल
राष्ट्रिय राजमार्ग
सडक सञ्जाल
बस्ती वितरण
खेतीयोग्य जमिन
जंगल
बालुवा
नदी क्षेत्र
टिकापुर नगरपालिका
गेरुवा गाउँपालिका
बर्दिया राष्ट्रिय निकुन्ज
ठाकुरबाबा नगरपालिका
मधुवन नगरपालिका
Rani Kulo
Junga - Rajapur - Bhimapur (IB)
Rajapur-Daulatpur Sag
Ratuwa River-Rangeli (Postal)
राजापुर नगरपालिका
१
२
३
४
५
६
७
८
९
१०
० १ २ ४ ६
कि.मी.
१:६०,०००

## २.राजनैतिक तथा प्रशासनिक केन्द्र

राजापुर नगरपालिकालको राजनैतिक तथा प्रशासनिक केन्द्र साविकको राजापुर नगरपालिकाको कार्यालय रहेको छ । नगरपालिकामा विधिवतरुपमा अर्थात कार्य सञ्चालन २०७१ जेठ ५ बाट भएको हो ।१० वटा वडामा विभाजित यस राजापुर नगरपालिकामा २४ मतदान केन्द्र रहेका छन् । संघीय निर्वाचन २०८० (२०८० साल बैशाख सम्म १८ वर्ष पुरा भएका)को अन्तिम मतदाता संख्याको विवरण अनुसार यस नगरपालिकामा मतदाता संख्या ४५,२२९ रहेका वडागत रुपमा मतदाता नामावली यसप्रकार छः

**तालिका १ वडागत रुपमा मतदाता संख्या**

| वडा | पुरुष | महिला | अन्य | जम्मा |
|---|---|---|---|---|
| १ | २१६४ | २२५२ | ० | ४४१६ |
| २ | २२१७ | २२८९ | ० | ४५०६ |
| ३ | २२६७ | २३३६ | ० | ४६०३ |
| ४ | २८१४ | २७१४ | १ | ५५२९ |
| ५ | २६०३ | २६१६ | ० | ५२१९ |
| ६ | २३६४ | २४१९ | ० | ४७८३ |
| ७ | १५३९ | १५२४ | ० | ३०६३ |
| ८ | २१०७ | २२०८ | ० | ४३१५ |
| ९ | १८६८ | १९४५ | ० | ३८१३ |
| १० | २४९३ | २४८९ | ० | ४९८२ |
| **जम्मा** | **२२४३६** | **२२७९२** | **१** | **४५२२९** |

स्रोतः निर्वाचन आयोग२०८० ,


## ३.भौगोलिक अवस्थिति

लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया  जिल्लामा अवस्थित यस राजापुर नगरपालिका भौगोलिक क्षेत्रको हिसाबले समथर तराई क्षेत्रमा पर्दछ । राजापुर नगरपालिका नेपालको मानचित्रमा हेर्दा भौगोलिक हिसाबले २८० २१' २५ "१६.देखि २८ ० २९÷ ४३ "उत्तरी आक्षांश र ८१ ० ३ "६३.२५ ÷ देखि ८१० १२ "५२÷सम्म पूर्वी देशान्तरसम्म फैलिएको छ । समुन्द्र सतहबाट १४२ मिटर देखि १५४ मिटर सम्मको उचाइमा अवस्थित रहेको यस नगरपालिकाले कुल १२७.०८ वर्ग कि.मी . क्षेत्रफल ओगटेको छ । यस नगरपालिकाका उत्तरमा गेरुवा गाउँपालिका र कैलाली जिलला, पश्चिमतिर कैलाली जिल्ला, दक्षिणमा भारत र पूर्वमा गेरुवा गाउँपालिका रहेका छन् ।

## ४.धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु

एउटा विशिष्ट भौगोलिक संरचनाले श्रृजना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा पर्यटकीय गन्तब्य स्थलको रुपमा परिचित छ । पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको  बरदान हो । अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरु, अनवरत बग्ने कञ्चन हिम नदीहरु, झर्ना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जंगल यहाँको प्राकृतिक निधिहरु हुने यहाँको संस्कृति, जाति तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरु हुन् । यी सम्पूर्ण पर्यटकीय सम्पत्तिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक सम्वृद्धिमा उल्लेखनीय योगदान पुर्याइ देशको अर्थतन्त्रलाई सवल बनाउन सकिने निश्चित छ । तसर्थ पर्यटन नीति २०६५ ले मुलभूत रुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पूर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ ।





अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासीक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्य स्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्याधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र संवर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ । प्राकृतिक ताल, तलैया, सिमसार क्षेत्र तथा नदीहरु र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरुको भ्रमण हुने गर्दछ ।

# ४. जनसाङ्ख्यिक विवरण

## ४.१ वडागत घरधुरी संख्या तथा लिङ्गको आधारमा जनसंख्याको वितरण

यस iLG-Profile बनाउने क्रममा संकलन गरिएको तथ्याङ्क अनुसार १३५८७ घरधुरी रहेको छ । सबैभन्दा धेरै घरधुरी क्रमश वडा नम्बर ४ र १० मा रहेको देखियो जहाँ १८७५ र १६०५ घरधुरी रहेका छन्। वडा नम्बर ४ मुख्य बजार क्षेत्र रहेकोले धेरै धरधूरी रहेको पाइन्छ । त्यसैगरी वडा नम्बर ७ मा सबैभन्दा कम ९४० घरधुरी रहेको छ ।

## ४.२ वडागत रुपमा रहेको घरधुरीको संख्या

यस iLG-Profile बनाउने क्रममा संकलन गरिएको तथ्याङ्क अनुसार १३५८७ घरधुरी रहेको छ । सबैभन्दा धेरै घरधुरी क्रमश वडा नम्बर ४ र १० मा रहेको देखियो जहाँ १८७५ र १६०५ घरधुरी रहेका छन्। वडा नम्बर ४ मुख्य बजार क्षेत्र रहेकोले धेरै धरधूरी रहेको पाइन्छ । त्यसैगरी वडा नम्बर ७ मा सबैभन्दा कम ९४० घरधुरी रहेको छ । वडागत रुपमा रहेको घरधुरीको संख्या र यसको प्रतिशत तलको चार्टमा प्रस्तुत गरिएको छ ।

**तालिका 1 वडागत घरधुरी संख्या तथा लिङ्गको आधारमा जनसंख्याको वितरण**

| वडा नं | घरधुरी संख्या | जनसंख्या | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | | महिला | | अन्य | | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | संख्या | प्रतिशत |
| १ | 1357 | 3168 | 9.9 | 3135 | 9.9 | | 6303 | 9.9 |
| २ | 1296 | 2975 | 9.3 | 2985 | 9.4 | 1 | 5961 | 9.4 |
| ३ | 1375 | 3217 | 10.0 | 3191 | 10.1 | 1 | 6409 | 10.1 |
| ४ | 1875 | 3802 | 11.9 | 3781 | 11.9 | 4 | 7587 | 11.9 |
| ५ | 1452 | 3568 | 11.1 | 3448 | 10.9 | 5 | 7021 | 11.0 |
| ६ | 1411 | 3541 | 11.1 | 3419 | 10.8 | 1 | 6961 | 10.9 |
| ७ | 940 | 2302 | 7.2 | 2193 | 6.9 | | 4495 | 7.1 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | 1204 | 2730 | 8.5 | 2892 | 9.1 | 1 | 5623 | 8.8 |
| ९ | 1072 | 2749 | 8.6 | 2780 | 8.8 | | 5529 | 8.7 |
| १० | 1605 | 3964 | 12.4 | 3839 | 12.1 | 3 | 7806 | 12.3 |
| जम्मा | 13587 | 32016 | 100.0 | 31663 | 100.0 | 16 | 63695 | 100.0 |

सोत : **iLG Profile** घरधुरी तथ्यांक २०८०

**तालिका 2 वडागत घरधुरी संख्या तथा लिङ्गको आधारमा जनसंख्याको वितरण, जनघनत्व तथा लैङ्गिक अनुपात**

| वडा नं | घरधुरी संख्या | जसनसंख्या | | | | क्षेत्रफल वर्ग ) (.मी.कि | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | अन्य | जम्मा | | |
| १ | 1357 | 3168 | 3135 | | 6303 | 13.3 | 473 |
| २ | 1296 | 2975 | 2985 | 1 | 5961 | 12.0 | 499 |
| ३ | 1375 | 3217 | 3191 | 1 | 6409 | 12.9 | 497 |
| ४ | 1875 | 3802 | 3781 | 4 | 7587 | 14.5 | 522 |
| ५ | 1452 | 3568 | 3448 | 5 | 7021 | 15.1 | 466 |
| ६ | 1411 | 3541 | 3419 | 1 | 6961 | 12.3 | 568 |
| ७ | 940 | 2302 | 2193 | | 4495 | 8.3 | 542 |
| ८ | 1204 | 2730 | 2892 | 1 | 5623 | 9.8 | 574 |
| ९ | 1072 | 2749 | 2780 | | 5529 | 10.1 | 546 |
| १० | 1605 | 3964 | 3839 | 3 | 7806 | 14.8 | 526 |
| जम्मा | 13587 | 32016 | 31663 | 16 | 63695 | 123.1 | 518 |

सोत : iLG Profile घरधुरी तथ्यांक २०८०

## ४.३ पेशागत आधारमा जनसंख्याको वितरण

राजापुर नगरपालिकामा सबैभन्दा धैरै विद्यार्थी २३.५ प्रतिशत रहेका छन भने ज्याला मजदुरी गरेर जिविकोपार्जन गर्ने २१.२ प्रतिशत नागरिक रहेका छन् । त्यस्तै १६.१ प्रतिशत गृहणी र १२.० प्रतिशत नागरिक ,कृषि उद्योग तथा व्यापार क्षेत्रमा रहेका छन् । पशुपालन तथा अन्य स्वरोजगार क्षेत्रमा एकदमै मानिसहरु लागेका देखिन्छन । कृषि तथा पशुपालनको लागि उर्भर भूमि भएता पनि पुर्ण रुपमा कृषि पेशा अपनाउने संख्या कम देखिन्छ। साथै कृषिलाई ब्यवसायिक भन्दा पनि निर्वाहमुखी मात्र बनाउदा पनि यस क्षेत्रमा सम्भावना भए अनुसारको मात्रामा कृषि पेशा अंगाल्ने संख्या कम नै देखिन्छ । कृषि पेशामा वडा नम्बर ५ मा धेरै मानिसहरु लागेका देखिन्छ जुन वडा नम्बर १ मा एकदमै थोरै मात्र रहेको छ ।

तालिका 3:पेशागत आधारमा जनसंख्याको वितरण

| पेशा | वडा नम्बर | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा | प्रतिशत |
| विद्यार्थी | 1444 | 1304 | 1360 | 1640 | 1718 | 1661 | 1234 | 1397 | 1393 | 1834 | 14985 | 23.5 |
| ज्यालामजदुरी/ | 2268 | 1096 | 1603 | 1579 | 1321 | 1073 | 745 | 1196 | 1197 | 1450 | 13528 | 21.2 |
| उल्लेख नगरिएको | 734 | 1171 | 815 | 1518 | 495 | 1619 | 1098 | 675 | 948 | 2144 | 11217 | 17.6 |
| गृहणी | 814 | 1008 | 1495 | 1185 | 765 | 824 | 490 | 1193 | 1042 | 1414 | 10230 | 16.1 |
| उद्योग, व्यापार, कृषि | 186 | 897 | 534 | 788 | 1884 | 1208 | 329 | 743 | 711 | 340 | 7620 | 12.0 |
| व्यापार | 92 | 97 | 157 | 420 | 131 | 121 | 72 | 104 | 37 | 93 | 1324 | 2.1 |
| अन्य बेरोजगार | 426 | 46 | 120 | 74 | 303 | 77 | 163 | 22 | 24 | 49 | 1304 | 2.0 |
| सरकारी नोकरीजागिर/ | 60 | 71 | 86 | 121 | 135 | 94 | 40 | 95 | 111 | 79 | 892 | 1.4 |
| गैरसरकारी नोकरीजागिर/ | 74 | 75 | 77 | 109 | 106 | 105 | 10 | 85 | 39 | 75 | 755 | 1.2 |
| अन्य रोजगारी | 125 | 115 | 131 | 19 | 36 | 56 | 95 | 46 | 6 | 99 | 728 | 1.1 |
| अन्य स्वरोजगार | 42 | 33 | 18 | 24 | 62 | 74 | 96 | 50 | 6 | 151 | 556 | 0.9 |
| वैदेशिक रोजगारी | 38 | 21 | 10 | 100 | 36 | 45 | 108 | 16 | 10 | 52 | 436 | 0.7 |
| पशुपालन | 0 | 27 | 3 | 10 | 29 | 4 | 15 | 1 | 5 | 26 | 120 | 0.2 |
| जम्मा | ६३०३ | ५९६१ | ६४०९ | ७५८७ | ७०२१ | ६९६१ | ४४९५ | ५६२३ | ५५२९ | ७८०६ | ६३६९५ | १००.० |

**स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०**

## प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरण

राजापुर नगरपालिकामा जम्मा २६२२ जनाले विभिन्न सिपमुलक तालिमहरु लिएको देखिएको छ । यो संख्या थोरै भएपनिपरिवारका सदस्यहरुको तालिमको विवरण दिने क्रममा अन्य सदस्यहरु , अलमलिइका थिए र आफ्नो बाहेक अन्य सदस्यहरुको तालिमको विवरण दिन धेरै सहभागीहरु अल्मिलएका देखिन्थे । त्यसैले पनि यहाँ यो सिपमुलक तालिमको संख्या थोरै देखिन आएको हुन सक्छ । वडागत रुपमा वडा नम्बर ७ का सबैभन्दा धेरै ६३६ जनाले विभिन्न तालिम लिएका देखिन्छ भने यो संख्या वडा नम्बर ४ मा जम्मा ७४ मात्र देखिन्छ। त्यसैगरी वडा नम्बर ९ मा ६३ तथा वडा नम्बर १० मा ८० जना

**तालिका 4: सीपमुलक तालिम लिएको संख्या**

| वडा नम्बर | सीपमुलक तालिम लिएको संख्या |
|---|---|
| **1** | 291 |
| **2** | 285 |
| **3** | 393 |
| **4** | 74 |
| **5** | 248 |
| **6** | 342 |
| **7** | 636 |
| **8** | 210 |
| **9** | 63 |
| **10** | 80 |
| **जम्मा** | 2622 |

स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०

## ४.४ मुख्य पेशा सम्बन्धी विवरण

राजापुर नगरपालिकामा मुख्य गरी कृषि पेशा मुख्य पेशाको रुपमा रहेको छ । राजापुर धान उत्पादनमा देशमै नाम चलेको ठाँउ हो । सिंचाईको सुविधा तथा उर्भर भूमिको कारण यहाँका अधिकांश मानिसहरु कृषि पेशामा आवद्ध छन । साथै ज्याला मजदुरीमा लाग्ने संख्या पनि धेरै नै पाइन्छ जुन २१२. प्रतिशत रहेको छ । गृहिणीहरु १६१ प्रतिशत रहेका छन जो घरायसी . कामको साथै कृषि कार्यमा पनि सँगसगै संलग्न हुँदै आएका छन् । सबैभन्दा धेरै संख्या विद्यार्थीको रहेको छ । विद्यार्थीहरु कतिपय अवस्था सामान्य रोजगारी तथा आफ्नो कृषि काम गर्दै पछि रहेका पनि हुन सक्छन।

**तालिका 5: मुख्य पेशा सम्बन्धी विवरण**

| पेशा | वडा नम्बर | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | जममा | प्रतिशत |
| विद्यार्थी | 1444 | 1304 | 1360 | 1640 | 1718 | 1661 | 1234 | 1397 | 1393 | 1834 | 14985 | 23.5 |
| ज्यालामजदुरी/ | 2268 | 1096 | 1603 | 1579 | 1321 | 1073 | 745 | 1196 | 1197 | 1450 | 13528 | 21.2 |
| उल्लेख नगरिएको | 734 | 1171 | 815 | 1518 | 495 | 1619 | 1098 | 675 | 948 | 2144 | 11217 | 17.6 |
| गृहणी | 814 | 1008 | 1495 | 1185 | 765 | 824 | 490 | 1193 | 1042 | 1414 | 10230 | 16.1 |
| उद्योग, व्यापार, कृषि | 186 | 897 | 534 | 788 | 1884 | 1208 | 329 | 743 | 711 | 340 | 7620 | 12.0 |
| व्यापार | 92 | 97 | 157 | 420 | 131 | 121 | 72 | 104 | 37 | 93 | 1324 | 2.1 |
| अन्य बे रोजगार | 426 | 46 | 120 | 74 | 303 | 77 | 163 | 22 | 24 | 49 | 1304 | 2.0 |
| सरकारी नोकरीजागिर/ | 60 | 71 | 86 | 121 | 135 | 94 | 40 | 95 | 111 | 79 | 892 | 1.4 |
| गैरसरकारी नोकरीजागिर/ | 74 | 75 | 77 | 109 | 106 | 105 | 10 | 85 | 39 | 75 | 755 | 1.2 |
| अन्य रोजगारी | 125 | 115 | 131 | 19 | 36 | 56 | 95 | 46 | 6 | 99 | 728 | 1.1 |
| अन्य स्वरोजगार | 42 | 33 | 18 | 24 | 62 | 74 | 96 | 50 | 6 | 151 | 556 | 0.9 |
| वैदेशिक रोजगारी | 38 | 21 | 10 | 100 | 36 | 45 | 108 | 16 | 10 | 52 | 436 | 0.7 |

| पेशा | वडा नम्बर | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | जममा | प्रतिशत |
| पशुपालन | 0 | 27 | 3 | 10 | 29 | 4 | 15 | 1 | 5 | 26 | 120 | 0.2 |
| जम्मा | 6303 | 5961 | 6409 | 7587 | 7021 | 6961 | 4495 | 5623 | 5529 | 7806 | 63695 | 100.0 |

स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०

## ४.५ वैदेशिक रोजगारीबाट फर्केका

बैदेशीक रोजगारबाट फर्केको संख्या ३७० जना रहेको छ । यसमा धेरै जसो वडा नम्बर १० बाट १०७ ज७ बाट १३० जना रहेको छ ।उनिहरु अधिकांश खाडी मुलुक भारत सबैभन्दा ,धेरै र त्यसपछि मलेशिया,कतार , साउदी अरव जस्ता खाडी मुलुकहरु धेरै रहेका छन भने धेरै जनाले अदक्ष कामदारको रुपमा काम गरेका थिए भने केहि कुकुको काम गरेका पनि थिए । भारतमा धेरै जनाले ज्याला मजदुरी गरेका थिए ।

**तालिका 6 :वैदेशिक रोजगारीबाट फर्केका**

| वडा नम्बर | वैदेशिक रोजगारीबाट फर्केको संख्या |
|---|---|
| १ | ३३ |
| २ | ६४ |
| ३ | २५ |
| ४ | ५६ |
| ५ | ३७ |
| ६ | ६४ |
| ७ | १३० |
| ८ | २३ |
| ९ | ३१ |
| १० | १०७ |
| जम्मा | ५७० |

**स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०**

राजापुर नगरपालिकाकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमको ५ बर्ष प्रगति विश्लेषण

| विवरण | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ | आ.व.२०७९/८० | आ.व.२०८०/८१ |
|---|---|---|---|---|---|
| सूचीकृत बेरोजगार | १३०९ | २,७३२ | ९४० | ६९७१ | ७२८५ |
| कुल रोजगारीको लागि छनौट व्यक्ति | १,२०४ | ८६८ | १७९ | ५३८ | २१७ |
| कुल रोजगारीमा संलग्न व्यक्ति | १,२०४ | ८६८ | १७९ | ५३८ | २१७ |
| आयोजना संख्या | ४२ | ३५ | १३ | ५१चरण (१८० योजना) | २३ चरण(६८योजना) |
| कुल रोजगारीका दिन | १२,८३३ | ३०३६७ | १३,२६८ | ४०७०१ | ९२७२.४५ |
| कुल बजेट रु. | ७९,७७,००० | २,९९,५७,००० | १,५२,७८,००० | २,७२,४०,००० | ८७,८३,००० |
| कुल खर्च रु. | ७२,२६,५६० | १,६७,२५,१९० | ९०,१५,१०६ | २,५५,०५,९४१ | ८०,६८,७८९ |
| वितरण भएको कुल ज्याला रु | ६६३४६६१ | १५६९९७३९ | ७६,५५,६३६ | २३४८४४७७ | ६१,९४,००० |
| औषत दिन | १० | ३५ | ७४ | ७५.६ | ४२.७३ |

यस नगरपालिकमा आ.व.२०७६/७७ देखि सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रममा पहिलो वर्ष अर्थात आ.व.२०७६/७७ मा कुल ४२ वटा आयोजनामा प्रतिव्यक्ति औषत १० दिनका दरले वर्ष भरीमा कुल १२०४ जनाले आंशिक रोजगारी प्राप्त गरेको देखिन्छ । आ.व.२०७७/७८

मा कुल ३५ वटा आयोजनामा प्रतिव्यक्ति औषत ३५ दिनका दरले वर्ष भरीमा कुल ८६८ जनाले, आ.व.२०७८/७९ मा कुल १३ वटा आयोजनामा प्रतिव्यक्ति औषत ७४दिनका दरले वर्ष भरीमा कुल १७९ जनाले र आ.व.२०७९/८० मा कुल ५१ चरण(१८० योजना) वटा आयोजनामा प्रतिव्यक्ति औषत ७५।६ दिनका दरले वर्ष भरीमा कुल ५३८ जनाले आंशिक रोजगारी प्राप्त गरेको देखिन्छ । आ.व.२०८०/८१ मा कुल २३ चरण*(६८ योजना)* वटा आयोजनामा प्रतिव्यक्ति औषत ४२।७३ दिनका दरले वर्ष भरीमा कुल २१७ जनाले आंशिक रोजगारी प्राप्त गरेको देखिन्छ । आ.व.२०७६/७७ मा १३०९ जना, आ.व.२०७७/७८ मा २७३२जना, आ.व.२०७८/७९ मा ९४० र आ.व.२०७९/८० मा ६९७१ जना आ.व.२०८०/८१ मा ७२८५ बेरोजगार व्यक्तिहरु गाउपालिका स्थित रोजगार सेवा केन्द्रमा सूचीकृत भएको तथ्यांकबाट देखिएकोले यस कार्यक्रममा आवद्ध हुन चाहने रोजगारापेक्षी व्यक्तिहरुको संख्या बढ्दो क्रममा रहेको देखिन्छ । यो कार्यक्रम संचालन भएदेखि पाँच आर्थिक वर्षमा कुल विनियोजित वजेट रु ८,९२,३५००० मध्ये रु ६,६५,५४,१५८६खर्च भएको छ।

## खण्ड ३ : रणनैतिक विश्वेषण (Strategic Analysis )

नगरपालिका भित्र रोजगारीका क्षेत्र र अवसर पहिचान, श्रोत साधनको अधिक परिचालन र उपयोग गरी बढ्दो बेरोजगारी र गरीवीलाई न्यूनीकरण गर्न संघीय सरकार, प्रदेश र स्थानीय सरकारद्वारा विभिन्नकार्यक्रमहरु कार्यान्वयन गरिएको भए तापनि ठोस र सार्थक उपलब्धि हासिल हुन सकिरहेको छैन । नेपाल सरकारको राष्ट्रिय रोजगार नीतिलाई आत्मसाथ गरी तीन वटै तहबाट प्राप्त श्रोत, साधन र जनशक्तिलाई उत्पादनशील रोजगार मार्फत नागरीकको जिवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन, आन्तरिक रोजगारीमा संलग्न हुन चाहने नागरीकको उच्च सम्मान गर्न र सीपयुक्त जनशक्तिलाई उत्पादनशील श्रममा आवद्ध गर्न र रोजगारीको संख्यामा वृद्धि गर्न केबल कानूनी व्यवस्थाले मात्र सम्भव नहुने भएकोले तीनै तहका सरकार आफै अग्रसर भई रणनैतिक तरिकाले अगाडी बढ्नुपर्ने आवस्यकता रहेको छ। बर्षेनी सयौ बेरोजगार नागरीक बैदेशिक रोजगारीमा गई रहनु र गाउँबस्ति युवा बिहीन हुनु जस्तो विराल अवस्था एक चूनौतीका रुपमा रहेको छ। यसै कुरालाई आत्मसाथ गरी आन्तरीक रोजगारीका नयाँ क्षेत्र पहिचान गरी स्थानीय तहको श्रोत साधनलाई उत्पादनमूलक रोजगारीका क्षेत्रमा उपयोग गरी बेरोजगार नागरीकलाई गाउँमै बस्ने वातावरण निर्माण गर्न रणनीतिक योजनाले मार्ग निदेर्श गर्ने अपेक्षा गरिएको छ ।यस परिप्रेक्षमा यस गाउँपालिका क्षेत्रमा बेरोजगारी घटाई बेरोजगार स्थानीय नागरिकहरुलाई मर्यादित रोजगारीमा समेट्न निम्न चुनौतिहरुको सामना गर्नु अपरिहार्य रहेको छः

- बेरोजगार नागरीकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- स्थानीय श्रम बजारको माग बमोजिम सीपयुक्त श्रम शक्ति निर्माण गर्नु ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- स्रोत साधनलाई एकिकृत गरी रोजगारीमा केन्द्रित गर्नु ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउनु ।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउनु ।
- रोजगारीको माग र आपूर्तिको उचित व्यवस्थापन गर्नु ।
- बैदेशिक रोजगारीलाई सुरक्षित र उपलब्धिमूलक बनाउन परामर्श सेवा संचालन गर्नु ।यी चुनौतिहरुको सामना गरी स्थानीय रोजगारीमा वृद्धि गर्ने र सो को माध्यमबाट गरिबी न्युनीकरणमा योगदान गर्ने सन्दर्भमा यस नगरपालिकामा निम्न बमोजिमका केही अवसरहरुको समेत पहिचान गरिएकोछ।

- श्रम तथा रोजगारी सम्बन्धी हक नेपालको संविधानमा नै मौलिक हकको रुपमा स्थापित हुनु ।
- श्रम तथा रोजगारमैत्री कानूनहरु निर्माण हुनु ।रोजगार सेवा केन्द्रको स्थापना हुनु ।

श्रम तथा रोजगारी सम्बन्धी सेवाहरु स्थानीय तहसम्म विस्तार हुदै जानु ।न्यूनतम रोजगारीको प्रत्याभूतिको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन हुनु ।न्यूनतम् पारिश्रमिकको कानूनी व्यवस्था हुनु ।युवाहरुमा उद्यमशील भावनाको विकास हुदै जानु ।आर्थिक गतिविधिहरुमा बढोत्तरी हुनु ।लगानीमैत्री वातावरणको अवस्था तयार हुदै जानु ।प्राविधिक शिक्षामा सर्वसाधारणको पहुँच विस्तार हुदै जानु ।जनसांख्यिक लाभको अवस्था अझै केहि वर्ष कायमै रहनु ।सडक, विद्युतीकरण, संचार, स्वास्थ्य तथा शैक्षिक संस्था जस्ता विकासका पूर्वाधारको पहुँच विस्तार हुनु। स्थानीय नागरिकहरुमा जनचेतना वृद्धि हुनु र शैक्षिक स्तर सुधार हुँदै जानु ।संघ, प्रदेश र स्थानीय सरकारका विभिन्न कार्यक्रमहरुद्वारा रोजगार प्रवर्द्धनलाई प्राथमिकता प्रदान गर्नु। स्थानीय तहका लागि संघ र प्रदेश सरकारबाट स्रोत साधनको विनियोजन हुनु ।

## खण्ड ४ : रणनैतिक सवालहरू (Strategic Issues)

नगरपालिका भित्र रोजगारीको अवसर सिर्जना गरी उपलब्ध अवसरहरुमा लक्षित वर्गको पँहुच अभिवृद्धि गरी रोजगारीको हक सुनिश्चित गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहद्वारा विभिन्न कार्यक्रम संचालित हुँदा पनि रोजगारीको सुनिश्चित गर्न सकिएको छैन। रोजगारीको हक कार्यान्वयनलाई प्रभावकारी बनाउन स्थानीय तहको अपनत्व बढाउनु र रोजगार कार्यक्रमलाई उपलव्धि मूलक बनाउनु, आन्तरिक रोजगारी सिर्जनाका लागि एकिकृत रुपमा श्रोत साधनको परिचालन गर्नु, आन्तरिक रोजगारीका अवसरमा वृद्धि गर्नु, बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउनु, दिगो रोजगारिका क्षेत्र पहिचान गर्नु, उधमशीलता विकास मार्फत जिवनस्तरमा सुधार ल्याउनु जस्ता चुनौतिहरु विद्यमान रहेको सन्दर्भमा रोजगार सम्वद्ध रणनैतिक

**सवालहरु देहाय बमोजिम रहेका छनः**

(क) आर्थिक अवसरहरुको सीमितताः राजापुर नगरपालिका क्षेत्रका बासिन्दाहरु प्रायः मौसमी र कम आय भएको रोजगारी प्रदान गर्ने कृषि पेशामा अत्यधिक निर्भर रहेका छन् । थप रोजगारीका अवसरहरू सिर्जना गर्न पर्यटन, कृषि प्रशोधन उद्योग, साना तथा घरेलु उद्योग जस्ता अन्य क्षेत्रहरूलाई प्रवर्द्धन गरी आर्थिक कृयाकलापहरुको विविधीकरण गर्न आवश्यक छ।

(ख) रोजगार योग्य सीप र शिक्षाको अभावः यस पालिकाका ग्रामीण जनसंख्यामा प्रायः गुणस्तरीय शिक्षा र व्यवसायिक तालिममा पहुँचको कमी रहेको छ, जसले गर्दा यस पालिकाका नागरिकहरुको

लागि रोजगारीका सम्भावनाहरू सीमित रहेको छन्] रोजगारी अभिवृद्धि र उद्यमशीलता प्रवर्द्धन गर्न ग्रामीण समुदायको आवश्यकता अनुरूप शिक्षा र सीप विकास कार्यक्रमहरूमा लगानी बढाउन आवश्यक छ।

(ग) पूर्वाधारको विकास र विस्तारमा कमीः सडक, सिँचाइ, बिद्युत र इन्टरनेट जडान जस्ता पूर्वाधारमा सबै स्थानीय जनताको पहुँच नहुने भएकोले ग्रामीण क्षेत्रमा आर्थिक गतिविधि र रोजगारी सृजनामा बाधा पुगेको अवस्था छ। पूर्वाधार सुधारले लगानी आकर्षित गर्न, आर्थिक कृयाकलापलाई प्रोत्साहन गर्न साथै व्यवसायिक कृषि, निर्माण र यातायात जस्ता क्षेत्रमा रोजगारीका अवसरहरू सिर्जना गर्न रणनैतिक योजनाका साथ अगाडी बढ्नुपर्ने अवस्था छ।

(घ) युवाहरूको बसाइसराइ र प्रतिभा पलायनः ग्रामीण क्षेत्र बाट शहरी क्षेत्रमा हुने बसाइसराइ एक सवालका रुपमा रहेको छ, यसै कारणले यस पालिकाको जनसंख्या वृद्धिदर समेत ऋणात्मक रहेको छ। युवा प्रतिभालाई गाउँमा टिकाइ राख्नका लागि युवाहरूको नेतृत्वमा उद्यमहरू स्थापना र संचालनलाई प्रवर्द्धन गर्ने र ग्रामीण विकास परियोजनाहरू मार्फत स्थानीय रोजगारीका अवसरहरू सिर्जना गर्ने जस्ता व्यवहारिक जीविकोपार्जनका विकल्पहरू खोजी गर्न स्थानीय सरकारहे पहल गर्नु पर्दछ।

(ङ) वित्तीय सेवा सुविधाहरुमा पहुँचको कमीः वित्तीय सेवा तथा सुविधाहरूमा सीमित पहुँच र न्युन पूँजीले ग्रामीण क्षेत्रमा उद्यमशीलता र व्यापार वृद्धिलाई बाधा पुऱ्याउँछ। लघुवित्त संस्था र सहकारी संस्थाहरुको प्रभावकारी संचालन, वित्तीय साक्षरता तालिम र कर्जाको पहुँचमा सहजीकरणले ग्रामीण उद्यमीहरूलाई सशक्तिकरण गर्न र स्थानीय तहमा रोजगारी सिर्जना गर्न उत्प्रेरित गर्ने देखिन्छ

तव) प्राकृतिक स्रोत व्यवस्थापनका लागि कमजोर क्षमताः नगरपालिकाका ग्रामीण समुदायहरू आफ्नो जीविकोपार्जनका लागि प्राकृतिक स्रोतहरूमा निर्भर छन् । तर प्राकृतिक स्रोतको अधिक दोहनले वातावरणीय हास र आयका अवसरहरू गुमाउन सक्ने खतरा रहन्छ। समुदायकै सहभागितामा आधारित पहलहरू मार्फत दिगो प्राकृतिक स्रोत व्यवस्थापनको अभ्यासद्वारा वातावरण संरक्षण गर्दै जीविकोपार्जन पद्धतिलाई दिगो बनाउन सकिन्छ।

(छ) लैङ्गिक असमानताः सांस्कृतिक तथा परम्परागत मान्यताहरू, सीमित गतिशीलता, न्यून शैक्षिक स्तर र वित्तिय स्रोतहरूमा नियन्त्रणको कमीको कारणले राजापुर नगरपालिका क्षेत्रका महिलाहरूले रोजगारीका अवसरहरूमा पहुँच पाउँन चुनौतीहरू सामना गर्नपरेको छ। महिला सहकारी र सीप विकास कार्यक्रमहरू जस्ता लैंगिक समावेशी नीति र पहलहरूको प्रवर्द्धन गरी महिलाहरूलाई आर्थिक रूपमा सशक्त बनाउन र रोजगारीमा उनीहरूको सहभागिता बढाउन सकिन्छ।यी रणनीतिक मुद्दाहरूलाई सम्बोधन गर्नका साथै राजापुर नगरपालिकामा समावेशी र दिगो ग्रामीण विकासलाई

प्रवर्द्धन गर्न सरकारी निकायहरू, गैर-सरकारी संस्थाहरू, स्थानीय समुदायहरू र निजी क्षेत्रहरू बीचको सहकार्यमा बहुआयामिक दृष्टिकोणको आवश्यकता रहेको छ।

## खण्ड ५: दूरदृष्टि, ध्येय र उद्देश्य (long-term Vision, Mission and Objectives)

दूरदृष्टि **(Vision):**ः

राजापुर नगरपालिकाका प्रत्येक नागरिकहरुलाई उत्पादनमूलक र दिगो रोजगारीका अवसरहरूमा पहुँच बढाई स्थानीय सुख र समृद्धि अभिवृद्धि गर्दै गरिबी निवारणको राष्ट्रिय अभियानमा योगदान गर्नु यस रणनीतिको दूरदृष्टी हुनेछ।

ध्येय **(Mission):**

राजापुर बासी नागरिकहरूको सशक्तीकरण गरी एक समृद्ध र सम्पन्न समुदाय निर्माण गर्न स्थानीय ज्ञान, सीप,शक्ति र स्रोतहरू प्रयोग गर्दै, आर्थिक वृद्धि, उद्यमशीलता र सीप विकासलाई प्रवर्द्धन गर्न सक्षम रणनीतिक योजना विकास र कार्यान्वयन गर्नु यस रोजगार रणनीतिको ध्येय हुनेछ।

उद्देश्य**(Objectives):**

यस राजापुर नगरपालिकाको रोजगार रणनीतिका उद्देश्यहरु देहाय बमोजिम हुनेछनः

- आर्थिक विविधता प्रवर्द्धनः स्थानीय अर्थतन्त्रलाई बलियो र लचिलो बनाउन पर्यटन, साना उद्योग र सेवा लगायत कृषि बाहेकका विविध आर्थिक क्षेत्रहरूको विकासलाई प्रोत्साहन गर्ने
- शिक्षा र सीप विकासमा पहुँच अभिवृद्धिः राजापुरका बासिन्दाहरूको आवश्यकता अनुरूप गुणस्तरीय शिक्षा र व्यवसायिक तालिम कार्यक्रमहरूमा पहुँच वृद्धि गर्ने, सीप विकासलाई बढावा दिने र रोजगारीको लागि योग्यता र क्षमता अभिवृद्धि गर्ने।
- पूर्वाधार र कनेक्टिभिटीमा सुधारः व्यापार वृद्धि गर्न, लगानी आकर्षित गर्न र रोजगारीका विविध अवसरहरू सिर्जना गर्न सडक, विद्युत, भरपर्दो इन्टरनेट सेवा जस्ता पूर्वाधार विकासमा जोड दिने।
- उद्यमशीलता र स्थानीय व्यवसायहरूलाई सहयोगः वित्तीय पहुँच, प्राविधिक सहायता र बजार व्यवस्थापन सहित उद्यमशीलता र स्थानीय व्यवसायहरूको स्थापनाको लागि सहयोग र गर्ने।

- युवा रोजगारीको अवधारणा प्रवर्द्धनः स्थानीय रोजगारीका अवसरहरू सृजना गरेर युवाहरूको नेतृत्वमा रहेका उद्यमहरूलाई सहयोग गर्दै, तालिम र परामर्श प्रदान गरी युवा बेरोजगारी र आप्रवासनलाई सम्बोधन गर्न कार्यक्रमहरू कार्यान्वयन गर्न अग्रसर हुने ।

- श्रम शक्तिमा महिला सशक्तिकरणः स्रोतसाधन, तालिम र उद्यमशीलताका अवसरहरूमा महिलाहरुको पहुँच पुच्याएर रोजगारीमा लैङ्गिक समानता प्रवर्द्धन गर्ने र उनीहरूको सहभागितामा श्रमशक्तिमा रहेका साँस्कृतिक र सामाजिक अवरोधहरूलाई सम्बोधन गर्ने।

- दिगो प्राकृतिक स्रोत व्यवस्थापनः जीविकोपार्जन, वातावरण संरक्षण र हरित रोजगारीका अवसरहरू सिर्जना गर्न कृषि र वनजस्ता प्राकृतिक स्रोतहरूको दिगो उपयोगलाई प्रवर्द्धन गर्ने।

- सहयोग र साझेदारीमा जोडः सरकारी निकायहरू, स्थानीय समुदायहरू, गैरसरकारी संस्थाहरू,सहकारी संस्थाहरु र निजी क्षेत्रहरू बीच स्रोत साधनको प्रयोग गर्न, विशेषज्ञता आदान-प्रदान गर्न तथा रोजगारी र आर्थिक विकासका लक्ष्यहरू प्राप्त गर्न समन्वयात्मक प्रयासका लागि पहल गर्ने ।

## खण्ड ६ : रणनैतिक लक्ष्यहरू (Strategic goals)

### (क) आर्थिक आधारहरुको विविधीकरणः

लक्ष्यः पर्यटन, साना उद्योग, व्यापार र सेवा व्यवसायहरू जस्ता गैर-कृषि क्षेत्रहरूलाई प्रवर्द्धन गरी स्थानीय अर्थतन्त्रलाई विविधीकरण गर्दै थप फराकिलो रोजगारीको वातावरण सिर्जना गर्ने।

### (ख) शिक्षा र सीप विकास अभिवृद्धिः

लक्ष्यः स्थानीय बासिन्दाहरूको रोजगारी र स्वरोजगारीमा वृद्धि गर्न स्थानीय अर्थतन्त्र र श्रमबजारको आवश्यकतासँग मिल्दोजुल्दो गुणस्तरीय शिक्षा र व्यवसायिक तालिम कार्यक्रमहरूमा पहुँच वृद्धि गर्ने

### (ग) पूर्वाधार र कनेक्टिभिटीमा सुधारः

लक्ष्यः व्यापार व्यवसाय वृद्धिलाई सहज बनाउन, लगानी आकर्षित गर्न र रोजगारीका अवसरहरू सिर्जना गर्न सडक, विद्युत, इन्टरनेट कनेक्टिभिटी लगायतका पूर्वाधारको सुदृढीकरण गर्ने ।

**(घ) उद्यमशीलता र स्थानीय व्यवसायहरूलाई सहयोग गर्नेः**

लक्ष्यः वित्तीय सहायता, प्राविधिक सहायता र बजार व्यवस्थामा पहुँच मार्फत स्थानीय व्यवसायहरूको लागि अनुकूल वातावरणको सिर्जना गरी स्थानीय उद्योग र व्यवसाय स्थापना र विकासका लागि सहयोग गर्ने।

**(ङ) युवा बेरोजगारी र आप्रवासनलाई सम्वोधन गर्नेः**

'लक्ष्यः स्थानीय रोजगारीका अवसरहरू सृजना गरी, युवाहरूको नेतृत्वमा रहेका उद्यमहरूलाई सहयोग गर्दै, तालिम र परामर्श कार्यक्रमहरू प्रदान गरी युवा बेरोजगारी र प्रतिभा पलायनलाई कम गर्ने।

**(च) श्रमशक्तिका लागि महिला सशक्तिकरणः**

'लक्ष्यः महिलाहरूलाई स्रोतसाधन, तालिम र उद्यमशीलताका अवसरहरूमा पहुँच उपलब्ध गराएर रोजगारीमा लैङ्गिक समानता प्रवर्द्धन गर्ने र श्रमशक्तिमा महिला सहभागिताका लागि विद्यमान अवरोधहरूलाई सम्बोधन गर्ने।

**(छ) दिगो प्राकृतिक स्रोत व्यवस्थापनमा जोडः**

लक्ष्यः विद्यमान जीविकोपार्जन शैलीको संरक्षण, वातावरण संरक्षण र हरित रोजगारीका अवसरहरू सिर्जना गर्न कृषि र वनजस्ता प्राकृतिक स्रोतहरूको दिगो उपयोगमा जोड दिने ।

**(ज) कृषिमा मूल्य अभिवृद्धिः**

'लक्ष्यः कृषि मूल्य श्रृङ्खलामा उत्पादकत्व वृद्धि, आय वृद्धि र रोजगारीका अवसरहरू सिर्जना गर्न आधुनिक खेती प्रविधिहरू, मूल्य अभिवृद्धि र बजार बिस्तार गर्न किसानहरूलाई सहयोग गर्ने ।

**(झ) सहयोग र साझेदारीमा जोडः**

लक्ष्यः स्रोतहरूको उपयोग गर्न, विशेषज्ञताको साझेदारी गर्न र रोजगारी तथा आर्थिक विकास लक्ष्यहरू प्राप्त गर्न सरकारी निकायहरू, स्थानीय समुदायहरू, गैरसरकारी संस्थाहरू, सहकारी संस्थाहरु र निजी क्षेत्र बीचको सहकार्यलाई बढावा दिन समन्वयात्मक प्रयासहरू गर्ने ।

यी रणनीतिक लक्ष्यहरूमा ध्यान केन्द्रित गरी दिगो र समावेशी आर्थिक वृद्धिलाई बढावा दिँदै गेरुवाबासी

नागरिकहरुको अद्वितीय आवश्यकता र चुनौतीहरूलाई सम्बोधन गर्ने खालको बृहत् रोजगारी रणनीतिक योजना विकास गरिनेछ ।

## खण्ड ७ : रणनैतिक स्तम्भ/ प्रमुख रणनीतिहरु (Major Strategies)

नेपालको राजापुर नगरपालिकाको लागि तयार गरिएको रोजगारी रणनीतिका लागि प्रमुख स्तम्भ/रणनीतिहरू

निम्नानुसार रहनेछन्ः

स्तम्भ १- आर्थिक विविधीकरण

स्तम्भ २- शिक्षा, सीप विकास र सशक्तिकरण

स्तम्भ ३- पूर्वाधार विकास

स्तम्भ ४- उद्यमशीलता प्रवर्द्धन

स्तम्भ ५- कृषिमा मूल्य अभिवृद्धि

स्तम्भ ६- वातावरणीय दिगोपना र हरित रोजगारी

स्तम्भ ७- सार्वजनिक-निजी साझेदारी

स्तम्भ ८- अनुगमन र मूल्याङ्कन

स्तम्भ ९ - लैङ्गिक मैत्री बाताबरण सिर्जना

### ७.१ प्रमुख कार्यनीतिहरु

राजापुर नगरपालिकाको बेरोजगारीलाई प्रभावकारी रूपमा सम्बोधन गर्न, उत्पादनमूलक रोजगारी सिर्जना गर्न, दिगो आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्न र यहाँका नगरिकहरूको समग्र जीवन स्तरमा सुधार गर्न प्रस्तुत स्तम्भ/रणनीतिहरु अन्तर्गत निम्न बमोजिमका कार्यनीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्ने छ।

| स्तम्भ | रणनीति | क्रियाकलाप | कार्यनीति कार्यक्रम |
|---|---|---|---|
| स्तम्भ १ | आर्थिक विविधीकरण | बेरोजगार तथा रोजगारीका अवसरको नक्शांकन | नगरपालिकामा रहेका बेरोजगार ब्यक्तिहरु तथा रोजगारदाताहरु संख्या ,रोजगारीको सम्भावना र प्रकृति, सोका लागि आवश्यक ज्ञान ,सीप,दक्षता र योग्यता आदि बिषयको सूचना तथा तथ्यांक प्राप्तिका लागि नक्शांकन गर्ने |
| | | रोजगारीका क्षेत्र पहिचान र विश्ले्षण | स्थानीय श्रोतसाधन,बजारको माग,बिद्यमान सीपहरु र पूर्वाधार जस्ता कुराहरुको बिश्लेषण गरी कृषि बाहेकका विबिधीकरणका लागि सम्भावित क्षेत्रहरु पहिचान गर्ने |
| | | लगानी प्रवर्द्धन अभियान | पहिचान गरिएका क्षेत्रहरुमा लगानी आकर्षित र प्रोत्साहन गर्न अभियानहरु सन्चालन गर्ने यस अन्तगत लगानी सम्मेलन,ब्यापार एक्सपो र बैठक तथा सेमिनारको आयोजना मार्फत सम्भावित लगानीकर्ताहरुसँग लगानीका लागि सम्पक र आह्वान गर्ने |
| | | उद्यमशीलता विकास कार्यक्रम | नयाँ ब्यवसायिक क्षेत्रहरुमा प्रवेश गर्न इच्छुक उद्यमीहरुलाई प्रशिक्षण ,ब्यवसाय परामर्श,वित्तीय सहयोग र बजार अनुसन्धान जस्ता कुराहरुद्वारा उत्प्रेरित र सहजीकरण गर्ने |

| | | | |
|---|---|---|---|
| | | आर्थिक पूर्वाधार विकास | पूर्वाधार सुधारले लगानी आकर्षित गर्ने,ब्यवसाय सन्चालनलाई सहज बनाउनु,उदीयमान क्षेत्रहरुको प्रतिस्पर्धात्मकता बढाउने र आर्थिक विबिधतालाई प्रबद्र्धन गर्ने भएकाले सडक र यातायात सेवा बिद्युत,इन्टरनेट,औद्योगिक पार्कहरु र प्रविधि केन्द्रहरु जस्ता महत्वपूर्ण पूर्वाधार परियोजनाहरु विकास गर्ने |
| | | मूल्य अभिबृद्धिका लागि कृषि प्रशोधन उद्यमहरु स्थापना र संचालनमा सहयोग | नगरपालिकाको कृषि श्रोतको पूँजीकरण गर्न र स्वदेशी तथा निर्यात बजारको लागी उच्च मूल्यका उत्पादनहरु तयार गर्न मूल्य अभिबृद्धि गर्ने कृषि प्रशोधन उद्यमहरुलाई बढावा दिने । खाद्यान्न पेय पदार्थ र जडीबुटी जस्ता उतपानहरु प्रशोधन गर्न,कच्चा कृषि उपजहरुमा मूल्य बृद्धि गर्न र यी प्रक्रियामा रोजगारी सिर्जना गर्न स्थानिय किसान र उद्यमीहरुलाई प्रशोधन उद्योग स्थापना र संचालनमा लागि सहयोग गर्ने |
| स्तम्भ २ | सशक्तिकरणका लागि शिक्षा र सीप विकास तालिम | व्यावसायिक तालिम कार्यक्रम डिजाइन र कार्यान्वयन | स्थानीय अर्थतन्त्रसँग सान्दर्भिक उच्च माग भएका कृषि,पर्यटन आतिथ्य,निर्माण,पशु स्वास्थ्य सेवा र सूचना प्रविधि जस्ता क्षेत्रमा केन्द्रित ब्यवहारिक सीप विकास तालिम प्रदान गर्ने सो का लागी CTEVT ,गैरसरकारी संस्थाहरु,निजी क्षेत्रका साझेदारहरुसँगको सहकार्यमा सीपमूलक तालिमका पाठयक्रम डिजाइन र कार्यान्वयन गर्ने |
| | | पढ्दै कमाउँदै कार्यक्रम | विद्यार्थीहरुमा कमाउने संस्कृतिको विकास गर्न बिद्यालय तहका बिद्यार्थीहरुलाई लक्षित गरी पढदै कमाउदै बिशेष कार्यक्रम संचालन गर्ने |
| | | बैदेशिक रोजगार केन्द्रित | बैदेशिक रोजगारीमा जान चाहने युवाहरुलाई लक्षित गरी बैदेशिक श्रम बजारमा उच्च माग भएका सिप र दक्षतामा आधारित प्राविधिक तथा |

| | | | |
|---|---|---|---|
| | | सीप विकास तालिम | ब्यवसायिक तालिम प्रदान गर्ने |
| | | महिला शिक्षा अभियान | स्थानीय समुदाय,सामाजिक संस्था,निजी क्षेत्र र सरकारी निकायहरुसँग सहकार्य र साझेदारीमा निरक्षर र बिपन्न ग्रामीण महिलाहरुलाई लक्षित गरी बिशेष महिला शिक्षा अभियान संचालन गर्ने साक्षरता पश्चात सीपमुलका र स्वरोजगारमूलक तालिम प्रदान गर्ने |
| | | महिला सचेतनामा युवा परिचालन | महिला तथा घरेलु हिंसाको निराकरण गर्न स्थानीय नागरिक समाज,आमा समूह,युवा क्लब र स्थानीय स्तरमा कार्य गर्ने सामाजिक संघ संस्थाहरुलाई परिचालन गरी सचेतना कार्यक्रमहरु संचालन गर्ने |
| | | अर्ध दक्ष युवा रोजगारी | विद्यालय शिक्षा पूरा नगरी पढाई छाडेका युवाहरुलाई इलेक्टिसियन,डकर्मी,सिकर्मी प्लम्बर बायररिडग,सडक कालोपत्रे गर्ने, हेभि इक्युपमेन्ट संचालन गर्ने तालिम जस्ता अर्ध दक्षतायुक्त तालिम प्रदान गरी निर्माण क्षेत्रमा रोजगारीका लागि श्रमशक्ति तयार गर्ने । |
| स्तम्भ ३ | पूर्वाधार विकास | सडक निर्माण र मर्मत सम्भार | पालिकाभित्रका गाँउ शहर र आर्थिक केन्द्रहरु बीचको सम्पर्क विस्तार गर्न नयाँ सडक निर्माण र बिद्यमान सडकहरुको स्तरोन्नती गर्ने,कृषि क्षेत्र,बजार स्वास्थ्य सुविधा र बिद्यालयहरुमा पहुँच प्रदान गर्ने सवै मौसमी सडकहरुको निर्माणलाई प्राथमिकता दिने,बिशेष गरी बर्षायाममा सडक पूर्वाधारको स्थायित्व र उपयोगिता सुनिश्चिता गर्न नियमित सडक मर्मत कार्यक्रमहरु सन्चालन गर्ने पूर्वाधार निर्माणका योजना तर्जुमा देखि कार्यक्रम संचालनका हरेक चरणमा रोजगारी सिर्जनाको बिषयलाई आबद्ध गर्ने |

| | | | |
|---|---|---|---|
| | | भरपर्दो विद्युत सेवा र क्षमता बृद्धि | चौवीसे घण्टा विद्युत सेवाको सुनिश्चिता गरी उद्योग संचालन गर्न भरपर्दो र उच्च क्षमताको विद्युत लाइन विस्तार गर्ने क्षमता कम भएका स्थानमा क्षमता बढाउने |
| | | स्वच्छ खानेपानी तथा सरसफाई पूर्वाधार | सवै बासिन्दाहरुको लागि स्वच्छ र सुरक्षित पिउने पानी र उचित सरसफाइ सुविधाहरुमा पहुँच सुनिश्चित गर्न खानेपानी आपूर्ति र सरसफाइ पूर्वाधार निर्माण गर्ने |
| | | गुणस्तरीय टेलिफोन र इन्टरनेट सेवा | मोवाइल नेटवर्क र ब्रोडब्यान्ड सेवाहरुको लागि कभरेज विस्तार र पूर्वाधार अपग्रेड गरेर टेलिफोन र इन्टरनेटको गुणस्तर सुधार गर्ने |
| स्तम्भ ४ | उद्यमशीलता प्रवर्द्धन | उद्यमशीलता कार्यशाला तथा प्रवर्द्धन | व्यवसायिक योजना, वित्तीय व्यवस्थापन, मार्केटिङ र नेटवर्किङ जस्ता उद्यमशीलताका लागि आवश्यक सीपहरूमा केन्द्रित कार्यशाला र प्रशिक्षण कार्यक्रमहरू संचालन गर्न |
| | | वित्तीय पहुँच वृद्धि | माइक्रोलोन्स, अनुदान वा क्राउडफन्डिङ प्लेटफर्महरू जस्ता विभिन्न माध्यमहरू मार्फत वित्तीयस्रोतमा नव उद्यमीहरूको पहुँचलाई सहज बनाउने स्टार्टअप र साना व्यवसायका लागि उपयुक्त बित्तिय विकल्पहरूको पहिचान र विकास गर्न बैंक, स्थानीय वित्तीय संस्थाहरू, सहकारी संस्थाहरु रगैरसरकारी संस्थाहरूसँग समन्वय गरी वित्तीय व्यवस्थापनका लागि परामर्श प्रदान गर्ने र ऋण आवेदनवा लगानी प्रस्तावहरू तयार गर्न उद्यमीहरूलाई सहयोग गने |
| | | स्थानीय उद्योग र स्रोतको प्रवर्द्धन | उद्यमशीलता र रोजगारी सिर्जनाको सम्भावना भएका कृषि, हस्तकला, पर्यटन (होम स्टे लगायत) र घरेलु व्यवसाय जस्ता स्थानीय उद्योग र स्रोतहरूको |

| | | | |
|---|---|---|---|
| | | | पहिचान र प्रवर्द्धन गर्ने । |
| स्तम्भ ५ | कृषि उपजमा मूल्य अभिबृद्धि | कृषि प्रशोधन सुविधाहरुको स्थापना | कृषि उत्पादनहरुमा मूल्य अभिबृद्धि गर्न राजापुर नगरपालिका भित्र खाद्य प्रशोधन प्लान्टहरु फलफुल र तरकारी प्याकेजिड एकाईहरु, दुग्ध प्रशोधन केन्द्रहरु,शीत भण्डार र अन्न मिलिड कारखानाहरु जस्ता कृषि प्रशोधन सुविधाहरु स्थापना गर्ने |
| | | खाद्य प्रशोधन र संरक्षण सम्बन्धी तालिम | स्थानीय किसान र कृषि उद्यमीहरुलाई खाद्यान्न डिहाइड्रेट, क्यानिङ,फ्रिजिङ र पिकलिङ साथै खाद्य सुरक्षा र गुणस्तर मापदण्डहरु कायम राख्न खाद्य प्रशोधन र सुरक्षित भण्डारण प्रबिधि सम्बन्धी तालिम कार्यक्रमहरु सन्चालन गर्ने |
| स्तम्भ ६ | वातावरणीय दिगोपना र हरित रोजगारी | दिगो कृषि र एग्रोइकोलोजिमा जोड | वातावरणीय दिगोपना,माटो स्वास्थ्य र जैविक विविधता संरक्षण गर्न जैविक खेती प्रबिधि,कृषि बन प्रणाली र पर्माकल्चर सिद्धान्तहरु अपनाउन किसानहरुलाई सहयोग गर्ने , प्राङगारिक खेति ,कृषि बिज्ञान तालिम,खाद्य प्रशोधन र दिगो रुपमा उत्पादित कृषि उत्पादनको बजारीकरण गरी रोजगारीका अवसरहरु सिर्जना गर्ने |
| | | हरित पूर्वाधार विकास | बातावरणमैत्री भौतिक पूर्वाधार निर्माण तटीय क्षेत्रमा बृक्षरोपण,वातारण अनुकुल आवस निर्माण र विद्युतीय यातायातका विकल्पहरुको प्रयोगलाई प्रोत्साहन गर्ने |
| स्तम्भ ७ | सार्वजनिक निजी साझेदारी | सामुदायिक पर्यटन प्रबद्र्धनमा साझेदारी | स्थानीय समुदायद्धारा ब्यवस्थित होमस्टे र सांस्कृतिक पर्यटनको विकास गर्ने ,गेरुवा राजापुर अन्तर्गत ओखरिया इन्टेक, सडक,राजापुर रिङग रोड, |

| | | | |
|---|---|---|---|
| | | | कोठियाघाट पुल थारु संग्राहलय ,कर्णाली नदीमा डल्फीन कोठियाघाट पिकनिक स्पोट, अर्नहवा ताल, सोनहा होमस्टे,हतियाबावा मन्दिर, शिव मन्दिर, लगायतका पूर्वाधारको विकास गरी राजापुर नगरपालिकालाई पर्यटकीय गन्तब्यको रुपमा बजारीकरण गर्न नेपाल पर्यटन बोर्ड र स्थानिय ब्यवसायिक प्रतिष्ठानहरुसँग सहकार्य गर्ने |
| | | घरेलु तथा साना उद्योग प्रवद्र्धनमा साझेदारी | स्थानीय साधन श्रोत र सीपममा आधारित घरेलु,साना तथा मझौला उद्योगहरुमा लगानी गरी रोजगारीको सिर्जना गर्न नीजि क्षेत्रलाई प्रोत्साहित गर्ने आर्थिक,प्राविधिक तथा क्षमता विकासमा सहयोग गर्न, बितिय अनुदान र ऋममा ब्याज अनुदान प्रदान गर्ने |
| स्तम्भ ८ | अनुगमन र मूल्यांकन तथा समीक्षा | अनुगमन र मूल्यांकनका लागि एक संयन्त्र निर्माण | समग्र क्रियाकलाप तथा कार्यक्रमको निर्देशन, अनुगमन तथा मूल्यांकन गर्ने आधिकारिक संयन्त्रका रुपमा राजापुर नगरपालिकाका नगर प्रमुखको संयोजकत्वमा निर्देशन समिति, नगरउप्रमुख ज्यूको संयोजकत्वमा अनुगमन तथा मूल्यांकन समिति गठन गर्ने |
| | | नियमित र आवधिक रुपमा अनुगमन र मुल्यांकन | रोजगार रणनीतिले निर्धारण गरेका क्रियाकलाप तथा कार्यक्रमहरुको प्रभावकारीता र गुणस्तरको नियमित,आवधिक र आकस्मिक रुपमा निरीक्षण, अनुगमन तथा मूल्यांकन गरी सोका आधारमा सुधार गर्दै जाने |
| | | रणनीतिक कार्ययोजनाको समिक्षा | यस रणनीतिक कार्ययोजनाको २ पटक सम्वन्धित बिषयको विज्ञता भएका परामर्शता नियुक्त गरी समिक्षा गर्ने र सो समिक्षाबाट प्राप्त नजिताका आधारमा आवश्यक परिमार्जन र संशोधन गरी लक्षित नतिजा हासिल गर्ने कुराको सुनिश्चिता गर्ने कार्ययोजनाको अवधि समाप्त पश्चता समेत समग्र उपलब्धीको |

| | | | |
|---|---|---|---|
| | | | समिक्षा गरी आगमी बर्षहरुमा चाल्नुपर्ने कदमका बारेमा निकर्योल निकालिने |
| स्तम्भ ९ | लैङिगक मैत्री बाताबरण सिर्जना | बाल श्रम मुक्त | राजापुर नगरपालिका भित्र बालश्रम मुक्त गर्नका लागी बाल श्रम मुक्त समाज गतिबिधि बढाउनका लागी नगर स्तरीय नगर उपप्रमुख ज्यूको संयोजकत्व समिति बनाइने छ । नगरपालिका भित्र सवै कार्यस्थलमा कार्यक्रम बनाई अगाडी बनाउने लक्ष्य लिई कार्य अगाडी बढाइने छ । |
| | | लैङिगक मैत्री कार्यस्थल | न.पा.भित्रका सवै भौतिक क्षेत्र विकास निर्माण कार्य र अन्य कार्यहरुमा लैङिगक मैत्री कार्यस्थलमा निर्माण कार्य अगाडी नीति साथ अगाडी बढाइने छ। |
| | | बिभेद मुक्त पारिश्रमिक | न.पा.भित्र श्रममा बिभेद मुक्त कार्यलाई कार्यान्वयन लगीने छ साथै महिला पुरुष तथा तेश्रो लिङगहरुलाई सम्मान ज्याला दिन कानुनलाई कडाइका साथ कार्यान्वयन गरिने छ । |

## खण्ड ८ : पाँच वर्षको रणनैतिक कार्ययोजनाहरु (Strategic Action Plan)

खण्ड ७ बमोजिमका कार्यनीतिहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रत्येक क्रियाकलाप तथा कार्यक्रमहरुकोलागि जिम्मेवार निकाय, सहयोगी निकाय, कार्यक्रम संचालनका लागि आवस्यक समायावधी, बजेट र वजेट परिचालनको स्रोत, कार्यसम्पादन सूचक र सम्भावित जोखिम समेतको अनुमान गरी सुस्पष्ट कार्य योजना निर्माण गरी सोही अनुरुप कार्यक्रमहरु संचालन गरिनेछ । यस बमोजिको कार्य योजना अनुसूची ३ मा उल्लेख गरिएको छ । कार्ययोजना बमोजिम संचालित कार्यक्रम तथा क्रियाकलापहरुको नतिजाको वस्तुनिष्ठ रुपमा मापन गर्नका लागि आधार वर्षको विद्यमान अवस्था र आगामी पाँच वर्ष सम्मको अपेक्षित नतिजा समेत उल्लेख गरी नतिजा खाका (Logical Framework) समेत तयार पारिएको छ। सो नतिजा खाका अनुसूची ४ मा समावेश गरिएको छ।

## खण्ड ९: श्रोत परिचालन र बजेट व्यवस्थापन (Resource Mobilizations and Budget Management)

यस रोजगारी रणनीतिको सफल कार्यान्वयनका लागि प्रभावकारी स्रोत परिचालन र बजेट व्यवस्थापन महत्त्वपूर्ण हुन्छ| यसका लागि आवश्यक स्रोत साधनको सुनिश्चता गर्न, बजेट व्यवस्थापन गर्न र दिगो वित्तीय क्रियाकलापहरू सुनिश्चित गर्न देहाय बमोजिमका विभिन्न उपायहरु अवलम्वन गरिनेछ

- ग्रामीण विकास, रोजगारी सिर्जना र आर्थिक वृद्धिमा समर्पित स्थानीय, प्रदेश र संघीय सरकारका कार्यक्रमहरूबाट सक्रिय रूपमा अनुदान तथा आर्थिक सहायता खोजी गर्ने ।
- कृषि आधुनिकीकरण, पर्यटन पूर्वाधार र एसएमई विकासका लागि विशेष अनुदानहरूको लागिसम्वन्धित निकायहरुमा प्रस्ताव र पहल गर्ने ।
- आर्थिक विकास, रोजगारी सिर्जना, अतिरिक्त कोष र स्रोतहरूको लाभ लिन अनुदान र प्राविधिक सहयोगका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरू (एनजीओहरू) सँग पहल गर्ने
- स्थानीय र राष्ट्रिय व्यवसायिक प्रतिष्ठानहरूसँग कर्पोरेट सामाजिक उत्तरदायित्व(CSR) कार्यक्रमहरू मार्फत समुदायमा लगानी गर्न, विशेष गरी सीप प्रशिक्षण, पूर्वाधार विकास र उद्यमशीलतामा सहयोगका लागि पहल गर्ने।
- स्थानीय उद्योग, पर्यटन र साना तथा मझौला उद्योगहरूमा लगानीको सम्भावित प्रतिफल देखाएर निजी क्षेत्रको लगानी आकर्षित गर्ने ।

- वित्तीय वा स्वयंसेवी सेवामा योगदानका लागि स्थानीय समुदायका, क्लव, समूह, सहकारी संघ/संस्थाहरु र व्यवसायहरूलाई प्रोत्साहित गर्ने ।
- व्यापार व्यवसाय, कृषि उपज प्रशोधन इकाईहरू, श्रम बजारहरू र पर्यटन सेवाहरू जस्ता राजस्व आर्जन गर्ने स्थानीय उद्यमहरूलाई प्रवर्द्धन गर्ने ।
- नगरपालिका बाट प्रदान गरिने सेवाहरूको सेवा शुल्क तथा दस्तुरहरुमा सामयिक परिमार्जन गर्ने ।
- राजस्व वृद्धिका विभिन्न क्षेत्र तथा तरिकाहरुको पहिचान र परिचालनमा जोड दिने ।
- कृषि, पर्यटन, साना तथा मझौला व्यावसायिक तालिमहरू लगायत प्रत्येक रणनीतिक क्रियाकलापमा आवश्यक विनियोजन गर्ने ।
- कार्यक्रमहरु संचालनलाई सुव्यवस्थित गर्न र लागत घटाउन प्रविधिको प्रयोग गर्ने । जस्तै अनलाइन प्रशिक्षण कार्यक्रमहरु, डिजिटल मार्केटिङ आदि।
- सम्भावित वित्तीय जोखिमहरू पहिचान र न्यूनीकरण गर्ने रणनीतिहरू विकास गर्न नियमित जोखिम मूल्याङ्कन गर्ने।
- कुनै पनि एकल स्रोतमा निर्भरता कम गर्न र वित्तीय स्थायित्व बढाउन कोषका स्रोतहरूको विविधिकरणमा जोड दिने ।

## खण्ड १० : रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मुल्यांकन सम्बन्धी व्यवस्था (Steering Committee, Monitoring and Evaluation)

१०.१ स्थानीय रोजगार रणनीति निर्देशक समितिको गठनः

(क) स्थानीय रोजगार रणनीतिले निर्दिष्ट गरेका कार्यनीति तथा क्रियाकलापहरुको प्रभावकारी संचालनका लागि आवस्यक समन्वय, निर्देशन, नियन्त्रण, तथा सहजीकरण गर्न नगरपालिकामा देहाय बमोजिमको रोजगार रणनीति निर्देशक समिति रहनेछ।

| | |
|---|---|
| नगरपालिकाको नगर प्रमुख | संयोजक |
| नगरपालिकाको नगर उप प्रमुख | सदस्य |
| नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| नगर प्रमुखले तोकेका कम्तिमा एक महिला सहित दुई जना कार्यपालिका सदस्य | सदस्य |
| स्थानीय उद्योग वाणिज्य संघको एकजना प्रतिनिधि | सदस्य |
| रोजगार सेवा केन्द्रको संयोजक | सदस्य-सचिव |

(ख) समितिले आवश्यक ठानेमा समितिको बैठकमा सम्वन्धित विषयका विज्ञलाई सदस्यका रुपमा मनोनयन गर्न सक्नेछ ।

### १०.२ स्थानीय रोजगार रणनीति निर्देशक समितिको काम कर्तव्य र अधिकारः

(क) रणनीतिक उदेश्य हासिल गर्न तय गरेको कार्ययोजना अनुरुप आवश्यक बजेट बिनियोजनका लागि नगरपालिका वा नगर सभालाई सिफारिस गर्ने ।

(ख) स्थानीय तहभित्र रहेका रोजगारीका अवसर तथा सम्भावनाहरुको पहिचान गर्ने र उपयोग गर्ने।

(ग) बेरोजगारको समस्यालाई दिगो वा दिर्घकालीन रुपमा समाधान गर्न रोजगार रणनिति योजनालाई प्रभावकारी कार्यान्वन गर्न पहल गर्ने ।

(घ) रणनीति कार्यान्वयनबाट अपेक्षित उपलब्धि तथा प्रतिफल प्राप्त भए नभएको विषयमा पालिकाको बजेट निर्माण गर्नु पुर्व वार्षिक समिक्षा तथा मूल्याङ्कन गरी आवश्यक सुझाव दिने । साथै प्रत्येक दुई वर्षमा विज्ञ नीति समिक्षक व्यक्ति वा संस्थाद्वारा रणनीतिको समीक्षा वा पुनरावलोकनका लागि पालिकालाई सिफारिस गर्ने ।

(ङ) श्रम बजारको माग बमोजिमको रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक समन्वय र सहकार्य गर्ने ।

(च) सरकारी तथा गैरसरकारी निकायसँग रोजगारी सृजना सम्बन्धी आवश्यक सहकार्य र समन्वय गर्ने

(छ) रणनीति कार्यान्वयन गर्न आवश्यक श्रोत साधनको व्यवस्थापन गर्न संघीय तथा प्रदेश सरकारसँग सक्रिय पहल गर्ने ।

(ज) रोजगारीका विविध क्षेत्रमा लगानी गरी रोजगारी सिर्जना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने र सोका लागि स्थानीय उद्योग वाणिज्य संघ मार्फत लगानीकर्ताको खोजी गर्न क्रियाशील रहने ।

**१०.३ स्थानीय रोजगार रणनीति निरीक्षण, अनुगमन तथा मूल्यांकन समितिको गठनः**

(क) स्थानीय रोजगार रणनीतिले निर्दिष्ट गरेका कार्यनीति तथा क्रियाकलापको प्रभावकारी संचालनको सुनिश्चतताका लागि नियमित, आवधिक वा आकस्मिक रुपमा निरीक्षण, अनुगमन तथा मूल्यांकन गर्न नगरपालिकामा देहाय बमोजिमको रोजगार रणनीति अनुगमन तथा मूल्यांकन समिति रहनेछ।

| | |
|---|---|
| नगरपालिकाको नगर उप प्रमुख | संयोजक |
| नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| संयोजकले तोकेको एक जना कार्यपालिका सदस्य | सदस्य |
| स्थानीय उद्योग वाणिज्य संघको एकजना प्रतिनिधि | सदस्य |
| नगरपालिकाको पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| नगर पालिकाको आर्थिक विकास शाखा प्रमुख | सदस्य |
| रोजगार सेवा केन्द्रको संयोजक | सदस्य-सचिव |

१०.४ रोजगार रणनीति निरीक्षण, अनुगमन तथा मूल्यांकन समितिको काम कर्तव्य र अधिकारः

(क) रोजगार रणनीतिले निर्दिष्ट गरेको कार्ययोजना अनुरुप कार्य भए नभएको विषयमा समय समयमा निरीक्षण, अनुगमन र मूल्यांकन गर्ने।

(ख) अनुगमनका र मूल्यांकनका लागि आवस्यक मापदण्ड, चेकलिस्ट र सूचकहरु निर्धारण गर्ने ।

(ग) रोजगार रणनीति अन्तर्गतका क्रियाकलापहरुको उपलब्धीको नियमित, आवधिक र आकस्मिक

रुपमा निरीक्षण, अनुगमन र मूल्यांकन गर्नका लागि समय तालिका निर्धारण गर्ने ।

(घ) कार्यक्रमहरुको स्थलगत रुपमै अनुगमन गरी कार्यान्वयनको क्रममा देखा परेका समस्याहरुको निराकरण गर्न आवस्यक सुझाव तथा सहयोग प्रदान गर्ने ।

(ङ) निर्धारित कार्यक्रम तथा कार्यनीतिहरुमा समयानुकुल सुधार तथा समायोजन गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्ने।

(च) नगरपालिकाको वार्षिक वजेट, नीति तथा कार्यक्रममा रोजगार रणनीतिले निर्दिष्ट गरेका कार्यक्रमहरु समावेश गर्न निर्देशक समिति समक्ष सिफारिस गर्ने ।

(छ) रणनीतिको प्रभाव मूल्यांकन गरी आगामी दिनमा अख्तियार गर्नुपर्ने रणनीतिका लागि सुझाव प्रदान गर्ने।

**खण्ड ११ : जोखिम व्यवस्थापन (Risk Management)**

यस रणनीतिको प्रभावकारी कार्यान्वयनका प्रमुख जोखिमहरू र तिनको न्यूनीकरण गर्न अवलम्वन गरिने

रणनीतिहरू निम्नानुसार उल्लेख गर्न सकिन्छः

जोखिम ११.१ः मुद्रास्फीति, मन्दी वा बजार मागमा परिवर्तन जस्ता आर्थिक उतार-चढावहरूले रोजगारी सिर्जना र दिगोपनलाई असर गर्न सक्ने।

न्यूनीकरण रणनीतिः

- कुनै एक क्षेत्रमा निर्भरता कम गर्न उद्योग व्यवसायहरूको दायरा (जस्तैः कृषि, पर्यटन, सेवा) लाई बढावा दिने।
- विभिन्न आर्थिक अवस्थाहरूमा अनुकूलन गर्न सक्ने विविध सीपहरू सहित प्रशिक्षण कार्यक्रमहरू संचालन गर्ने।
- स्थानीय अर्थतन्त्रलाई लचिलो र बलियो बनाउन साना व्यवसाय र उद्यमीहरूको लागि लघुवित्त सेवा र वित्तीय सहयोगको व्यस्था गर्ने ।

**जोखिम ११.२:** सरकारी नीतिहरूमा परिवर्तन, राजनीतिक अस्थिरता वा प्रदेश र संघीय सरकारको सहयोग र समन्वयको कमीले कार्यक्रमहरू संचालनमा अवरोध हुन सक्ने ।

न्यूनीकरण रणनीतिः

- आवस्यक सहयोग र अनुकूल नीतिगत सुनिश्चतताका लागि प्रदेश र संघीय सरकारका अधिकारीहरुसँग निरन्तर संवादमा र सम्वन्ध बढाउने ।
- राजनीतिक दलका स्थानीय नेताहरू र सम्बन्धित सरोकारवालाहरूसँग एक स्थिर र बलियो सम्बन्ध निर्माण गर्ने।

**जोखिम ११.३:** समुदायबाट प्रतिरोध वा सहभागिताको कमीले रोजगारी कार्यक्रमहरूको सफलतामा बाधा पुऱ्याउन सक्ने।

न्यूनीकरण रणनीतिः

- स्थानीय आवश्यकताहरू पूरा गर्न र सहयोग प्राप्त गर्छु गर्न योजना निर्माण र निर्णय प्रक्रियामा सरोकारवालाको सहभागिता र समावेशिता सुनिश्चित गर्ने ।
- रोजगारी रणनीतिका फाइदाहरू बारे समुदायलाई सुसुचित गर्न सचेतना अभियानहरू सञ्चालन गर्ने।

**जोखिम ११.४:** वातावरणीय परिवर्तन वा प्राकृतिक प्रकोपहरू (जस्तै, बाढी, खडेरी) ले रोजगारी गतिविधिहरू,

विशेष गरी कृषि र पर्यटनमा बाधा पुऱ्याउन सक्ने।

न्यूनीकरण रणनीतिः

- विपद्को पूर्वतयारी र प्रतिकार्य योजनाहरू निर्माण र कार्यान्वयन गर्ने।
- जलवायु-उत्थानशील पूर्वाधार निर्माणमा जोड दिने ।

**जोखिम ११.५:** अपर्याप्त स्रोत, अपर्याप्त पूर्वाधार वा दक्ष जनशक्तिको कमीले रोजगार रणनीतिको कार्यान्वयनमा बाधा पुग्याउन सक्ने ।

न्यूनीकरण रणनीतिः

- सरकारी बजेट, अनुदान र गैरसरकारी संस्था र निजी क्षेत्रका संस्थाहरूसँगको साझेदारी मार्फत पर्याप्त कोष र स्रोतहरू सुरक्षित गर्ने ।

- सम्वन्धित कर्मचारी र सरोकारवालाहरूलाई सीप र दक्षता अभिवृद्धि गर्न तालिम र क्षमता अभिवृद्धि कार्यक्रमहरू संचालन गर्ने ।
- रणनीतिको प्रगतिको नियमित रूपमा मूल्याङ्कन गर्ने, देखा पर्न सक्ने नयाँ जोखिमहरूको समयमै पहिचान गरी सम्वोधन गर्ने ।

**अनुसुचीहरु**

## अनुसूचीः १

(खण्ड १, उपखण्ड १.३ सँग सम्बन्धित)

स्थानीय तहको रोजगार रणनीति तर्जमा गर्ने प्रयोजनको लागि रोजगारदातासँग गर्ने सर्वेक्षण फाराम स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्ने प्रयोजनको लागि यस राजापुर नगरपालिकामा रहेका रोजगारदातालाई श्रमिकको आपूर्ति तथा सीप तथा क्षमता विकासको मागको अध्ययन गर्न यो प्रश्नावली तयार गरिएको छ । आगामी दिनमा स्थानीय तहमा श्रमिक तथा सीप क्षमताको सम्बन्धमा कार्यनीति एनम् कार्यक्रम तर्जुमा गर्नको लागि गर्न लागिएको यो सर्वेक्षणका निबरणहरु गोप्य रहनेछन् ।

१. रोजगारदाताको नामः

२. ठेगानाः वडानं........... टोल/वस्तिः....................

३. रोजगारदाताको प्रकृति (कुनै एकमा ✔ लगाउनु होस):

(क) कृषि, वन तथा मत्स्यपालन उत्पादन (ख) खानी तथा उत्खनन

(ग) उद्योग घ) विद्युत, ग्याँस, एयरकण्डिसन आदि

(ङ) खानेपानी, ढल, फोहोरमैला व्यवस्थापन (च) निर्माण न्यानसायी

(छ) खुद्रा तथा होलसेल ब्यापार (ज) यातायात तथा भण्डारण

(झ) पर्यटन, होटल तथारेष्टुरेन्ट (ज) सूचना प्रविधि

(ट) वित्तीय / इन्सुरेन्स सेवा (ठ) रियलस्टेट सम्बन्धी ब्यापार

(ड) सेवा तवा परामर्श सम्यन्धी सेवा (ढ) प्रशासकीय लगायतका सेवा

(ण)शिक्षा (त) स्वास्थ्य तथा सामाजिक सेवा

(थ) कला, मनोरञ्जन (द) अन्य

४. रोजगारदाता प्रकृति (कुनै एकमा ✔ लगाउनु होस):

(क) ठुला प्रतिष्ठान (खे) साना तथा मझौला उद्योग प्रतिष्ठान

(ग) मौसमी (घ) राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी

(ङ) अन्तर्राष्ट्रिय प्रतिष्ठान (च) अन्य

५. उत्तरदाताः (कुनै एकमा √ लगाउनु होस)

(क) रोजगारदाता (ख) कर्मचारी

(ग) परिवारको सदस्य (घ) अन्य

६. आगामी ५ वर्षमा यहाँको व्यवसाय बढ्ने देख्नु हुन्छ ? (कुनै एकमा √ लगाउनु होस)

(क) देख्दिन (प्रश्न ८ मा जानुहोस् ।) (ख) थाहा छैन (प्रश्न क मा जानुहोस्।)

(ग) गढ्न सक्छ (यदि यस बुँदामा १५ भएमा प्रश्न नं. ७ को उत्तर दिनु होस् ।)

७. पदी न्यानसाय बढ्ने देखु हुन्छ भने कति प्रतिशतले गढ्ने आंकलन गर्नु हुन्छ? (कुनै एकमा √ लगाउनु

होस)

(क) ५% सम्म (ख)५-१०%

(ग) १०-२०% (घ) २०-५०%

(ङ) ५०% भन्दा अधिक

८. यहाँको उद्योग तया प्रतिष्ठानको लागि उपयुक्त जनशक्ति प्राप्त गर्नु भएको छ ? (कुनै एकमा √ लगाउनु होस)

(क) छ (ख) छैन

| | |
|---|---|
| यदी छ भने कुन कुन काम गर्ने र तहको कर्मचारी खोजी कर्मचारी नियुक्त गर्नु भएको | यदि छ भने कुन काम गर्ने कुन तहको गरि रहनु भएको छः |
| आ. | आ. |
| इ. | इ. |
| ई. | ई. |
| उ | उ |

९. यहाँको उद्योग तथा प्रतिष्ठानको वृद्धिको लागि स्थानीय सरकारबाट के कस्ता सहयोगको अपेक्षा गर्नु

भएको छ ?(उत्तर एक भन्दा अधिक हुन सक्ने हुनाले आवश्यक सबै बुँदामा √ लगाउन सकिने।)

(क) उपयुक्त स्थानीय नीति
(ख) श्रमिकको आपूर्तिमा सहयोग

(ग) सीप तथा क्षमता निकासमा सहयोग
(घ) बजारीकरणमा सहयोग

(ङ) अन्य निकायमा सहजिकरण गर्नमा सहयोग
(च) अन्य

१०. स्थानीय आर्थिक विकासका लागि कुन क्षेत्रमा निकास हुन आवश्यक देखु हुन्छर ?

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

धन्यवाद ।

अनुसूचीः २

(खण्ड १, उपखण्ड १.३ सँग सम्बन्धित)

**<u>सम्बन्धित सरोकारबालाको धारणा सङ्कलन गर्ने सम्बन्धी प्रश्नावली</u>**

स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्ने प्रयोजनको लागि यस नगरपालिका के कस्ता क्षेत्रमा ध्यान दिनु पर्ने एबम् कसरी स्थानीय तहको रोजगारी स्वरोजगारी सहित) अभिवृद्धि गर्ने प्रयोजनको लागि सरोकारवालाको धारणा/सुझाव सङ्कलन गर्ने प्रयोजनको लागि यो प्रश्नावाली तयार गरिएको छ।

१. नामः

२. ठेगानाः (क) स्थान (ख) बाहिर जिल्लाको / अन्य

३. पेशाः

(क) राजनीति (ख) कृषि

(ग) सरकारी कर्मचारी, (घ) गैरसरकारी / समाजसेवा

(ङ) ब्यापार (च) बिद्यार्थी (छ) उद्योग प्रतिष्ठानमा कार्यरत (ज) कला साहित्य

(झ) प्लान्ट/मेसिन अपरेटर/मेकानिक (ज) अन्य मर्मत तथा सम्भार

(ट) ज्यालादारी कार्य (ठ)अन्य

४. यस पालिकाको आर्थिक बिकासका लागि कुन क्षेत्रमा ध्यान दिनु पर्ने देखुहुन्छ?

(क) कृषि, वन तथा मत्स्यपालन उत्पादन (ख) खानी तथा उत्खनन

(ग) उद्योग घ) विद्युत, ग्याँस, एयरकण्डिसन आदि

(ङ) खानेपानी, ढल, फोहोरमैला व्यवस्थापन (च) निर्माण न्यानसायी

(छ) खुद्रा तथा होलसेल व्यापार (ज) यातायात तथा भण्डारण

(झ) पर्यटन, होटल तथा रेष्टुरेन्ट (ज) सूचना प्रनिधि

(ट) वित्तीय / इन्सुरेन्स सेवा (ठ) रियलस्टेट सम्बन्धी ब्यापार

(ड) सेवा तथा परामर्श सम्यन्धी सेवा (ढ) प्रशासकिय लगायतका सेवा

(ण) शिक्षा (त) स्वास्थ्य तथा सामाजिक सेना

(थ) कला, मनोरञ्जन (द) अन्य

५. स्थानीय तहको रोजगार/स्वरोजगार अभिवृद्धिका चुनौतिहरु के के र कसरी समाधान गर्न सकिन्छ?

| क्र.सं. | चुनौतिहरु | समाधानका उपायहरु |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

६, बर्तमान समयमा उपलब्ध जनशक्तिलाई रोजगारी वा स्वरोजगारीमा संलग गर्न के गर्नु पर्ने देखुहुन्छ ?

.........................................................................................................................................................
.............

.........................................................................................................................................................
.............

.........................................................................................................................................................
.............

.........................................................................................................................................................
.............

.........................................................................................................................................................
.............

७. आगामी ५ वर्षमा यस पालिकामा कुन क्षेत्रमा रोजगारी सिर्जना हुने देखुहुन्छ ?

(क) कृषि, वन तथा मत्स्यपालन उत्पादन

(ख) खानी तथा उत्खनन

(ग) उद्योग

(घ) बिद्युत, ग्याँस, एयरकण्डिसन आदि

(ङ) खानेपानी, ढल, फोहोरमैला व्यवस्थापन

(छ) खुद्रा तथा होलसेल ब्यापार

(झ) पर्यटन, होटल तथा रेष्टुरेन्ट

(ट) वित्तीय / इन्सुरेन्स सेवा

(ड) सेवा तवा परामर्श सम्यन्धी सेवा

(ण) शिक्षा

(थ) कला, मनोरञ्जन

(च) निर्माणब्यवसायी

(ज) यातायात तथा भण्डारण

(ज) सूचना प्रविधि

(ठ) रियलस्टेट सम्बन्धी ब्यापार

(ढ) प्रशासकीय लगायतका सेवा

(त) स्वास्थ्य तथा सामाजिक सेवा

(द) अन्य

८. बुँदा नं. ४ मा रहेका क्षेत्रमा रोजगारी सिर्जना गर्न के कस्ता क्रियाकलापहरु कार्यान्वयनमा ल्याउनु पर्ने

देखुहुन्छ?

(क) सीप विकास (कस्तो प्रकृतिको सीप? सीप विकास पश्चात रोजगारी/स्वरोजगारीमा जान सक्ने

आधारहरु के के हुन?)

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

(ख) उत्पादन अभिवृद्धिसंग सम्बन्धीत (कुन उत्पादन अभिवृद्धी गर्ने र उत्पादित सामग्रीको बजारिकरण

कसरी गर्ने?)

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

(ग) कस्ता ब्यक्तिलाई रोजगारमूलक सेवा प्रदान गर्नु पर्ने देख्नुहुन्छ ?

.................................................................................................................................................

.................................................................................................................................................

(घ) अन्य

.................................................................................................................................................

.................................................................................................................................................

९.बुँदा ७ र ८ का क्रियाकलाप कार्यान्वयन गर्न स्थानीय सरकारको के कस्तो भुमिका हुनु पर्दछ ?

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

१०.स्थानीय तहको अन्य निकायको भूमिका के हुनुपर्ने देख्नु हुन्छ ?

.................................................................................................................................................

.................................................................................................................................................

११.अन्य सुझाव र सल्लाह भएमा ?

.................................................................................................................................................

.................................................................................................................................................

धन्यवाद ।

अनुसूची ३

(खण्ड ८ सँग सम्वन्धित)

कार्यक्रम कार्यान्वयन कार्ययोजना

| सि.न. | क्रियाकलाप र कार्यक्रम | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय | समयावधि | बजेट | कार्यसम्पादन सुचक | जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | बेरोजगार तथा रोजगारीका अवसरको नक्शांकन | रोजगार सेवा केन्द्र | नगरपालिका | पहिलो बर्षको ६ महिना भित्र | २ लाख | नक्शांकन गरी प्रतिबेदन प्राप्त भएको हुने | सहि सुचना प्राप्त गर्न कठिन हुने |
| २ | विविध क्षेत्र पहिचान र बिश्लेषण | रोजगार सेवा केन्द्र | नगरपालिका | पहिलो बर्षको ६ महिना भित्र | ५ लाख | कृषि बाहेकका सम्भावित रोजगारीका क्षेत्रहर किटान भएको प्रतिबेदन | सहि सुचना प्राप्त गर्न कठिन हुने |
| ३ | लगानी प्रबद्र्धन अभियान कार्यक्रम | नगरपालिका | नेपाल सरकार,प्रदेश सरकार | पहिलो आर्थिक बर्ष देखि निरन्तर | बार्षिक ५ लाख | लगानी सम्मेलन,ब्यापार एकस्पो र बैठक तथा सेमिनारहरु सम्पन्न भएको हुने | सहयोग र समन्वय प्राप्त नहुनु |
| ४ | उद्यमशिलता विकास | नगरपालिका | नेपाल सरकार,प्रदेश सरकार स्थानिय | निरन्तर रुपमा | १ करोड | उद्यमीहरुलाई प्रशिक्षण ,ब्यवसाय परामश{,बितिय सहयोग र बजार | सहयोग र समन्वय प्राप्त |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | उद्यमी | | | अनुसन्धान सम्पन्न भएका हुने | नहुनु |
| ५ | आर्थिक पूर्वाधार विकास | नगरपालिका | अन्य सम्बद्ध निकाय | पाँच बर्ष सम्म | आवश्यकता र पर्याप्तता अनुसार | पूर्वाधार विकासमा लगानी बृद्धि हुने र उल्लेख्य पूर्वाधार निर्माण भएको हुने | पर्याप्त बितिय श्रोतको कमी हुन सक्ने |
| ६ | मूल्य अभिबृद्धिका लागि कृषि प्रशोधन उद्यमहरु स्थापना र संचालनमा सहयोग | स्थानिय वा राष्ट्रिय उद्यमी ब्यवसायीहरु | संघिय सरकार, प्रदेश सरकार, स्थानिय र उद्योग बाणिज्य महासंघ | निरन्तर रुपमा | आवश्यकता र पर्याप्तता अनुसार | खाद्यान्न ,पेय पदार्थ र जडीबुटी प्रशोधन उद्योगहरु स्थापना र संचालन भएका हुने | समन्वयको अभाव हुन सक्ने |
| ७ | ब्यावसायिक तालिम कार्यक्रम डिजाइन र कार्यान्वयन | नगरपालिका | नेपाल सरकार,प्रदेश सरकार,सीटीईभिटी स्थानिय उद्यमी | पहिलो बर्षमा शुरु अनि निरन्तर | १ करोड | ब्यवसायिक तालिमका मोडयुल तयार भइ तालिम संचालन भएका हुने | सहयोग र समन्वयको अभाव हुन सक्ने |
| ८ | पढदै कमाउदै कार्यक्रम संचालन | सम्बन्धी बिद्यालयहरु | नगरपालिका र शिक्षा शाखा | दोश्रो बर्ष देखि निरन्तर रुपमा | बार्षिक ५ लाख | छानिएका बिद्यालयहरुमा कार्यक्रम संचालन भई विद्यार्थीहरु सहभागी भएका हुने | विद्यार्थीहरुको अरुची |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | बैदेशिक रोजगार केन्द्रित सीपमुलक तालिम | नगरपालिका | नेपाल सरकार,प्रदेश सरकार,सीटीईभिटी स्थानिय उद्यमी | निरन्तर रुपमा आवश्यकता अनुसार पहिलो बर्ष देखि | ५० लाख | सीपमुलक तालिमहरु संचालन भएका हुने | सहयोग र समन्वयको अभाव हुन सक्ने |
| १० | महिला शिक्षा अभियान | नगरपालिका शिक्षा शाखा | प्रदेश सरकार सामाजिक विकास मन्त्रालय | दोश्रो आर्थिक बर्ष देखि निरन्तर | ३० लाख | बिशेष महिला शिक्षा कार्यक्रम संचालन भई कक्षा महिलाहरुको सहभागिता भएको हुने | सहयोग र समन्वयको अभाव हुन सक्ने |
| ११ | महिला सचेतनामा युवा परिचालन | नगरपालिका | स्थानिय नागरिक युवा क्लब,आमा समुह | निरन्तर | ३० लाख | सचेताना कार्यक्रमहरु संचालन भैरहेका हुने | सहयोग र समन्वयको अभाव हुन सक्ने |
| १२ | अर्ध दक्ष युवा रोजगारी | नगरपालिका वा रोजगार सेवा केन्द्र | स्थानिय निर्माण ब्यवसायीहरु उद्योगहरु तथा आयोजनाहरु | निरन्तर | १ करोड | युवाका लागि डकर्मी,सिकर्मी,प्लम्वर,बायरिड,सडक कालोपत्रे गर्ने आदि तालिम संचालन भएका हुने | युवाहरुको रुची नहुन सक्ने |
| १३ | सडक निर्माण र मर्मत | नगरपालिका | भौतिक पूर्वाधार मन्त्रालय,सडक | निरन्तर | आवश्यकता र पर्याप्तता | बाह्रै महिना सडक यातायात सुचारु भएको हुने | बजेट अभाव हुन सक्ने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सम्भार | | बिभाग | | अनुसार | | |
| १४ | भरपर्दो विद्युत सेवा र क्षमता बृद्धि | नेपाल विद्युत प्राधिकरण | नेपाल सरकार,जनप्रतिनिधिहरु | दोश्रो बर्ष भित्र | आवश्यकता अनुसार | २४ घण्टा उच्च क्षमताको बिजुली उपलब्ध हुने | समन्वय र बजेट अभाव हुन सक्ने |
| १५ | स्वच्छ खानेपानी तथा सरसफाई पूर्वाधार | नगरपालिका | नेपाल सरकार,प्रदेश सरकार, | दोश्रो बर्ष भित्र देखि निर्माण सम्पन्न र निरन्तर संचालन | आवश्यकता अनुसार | स्वच्छ खानेपानीको धारा बोरिङग निर्माण भई पानीको अभाव नहुनु | समन्वय र बजेट अभाव हुन सक्ने |
| १६ | गुणस्तरीय टेलिफोन र इन्टरनेट सेवा | नेपाल टेलिकम र आईएसपीहरु | नेपाल सरकार ,जनप्रतिनिधिहरु र नागरिक समाज | पहिलो बर्षको ६ महिना भित्र | नलाग्ने | गुणस्तरीय भ्वाइस कल र तीब्र गतिको इन्टरनेट चल्ने | समन्वय र बजेट अभाव हुन सक्ने |
| १७ | उद्यमशीलता कार्यशाला तथा प्रशिक्षण | नगरपालिका | सिटीइभिटी उद्ययोग संघ वा महासंघ | प्रत्येक बर्ष | बार्षिक ५ लाख | उद्यमशिलता कार्यशाला र प्रशिक्षणहरु सम्पन्न भएका हुने | लक्षित ब्यतmीको रुची नहुन सक्ने |
| १८ | वित्तीय पहुँच बृद्धि | नगरपालिका | बैक तथा वित्तिय संस्थाहरु | निरन्तर | आवश्कयता अनुसार | नव उद्यमीहरुले सहजै बत्ती सेवा प्राप्त गरेका हुने | समन्वय सहयोग अभाव हुन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | सक्ने |
| १९ | स्थानीय उद्योग र श्रोतको प्रवद्र्धन | नगरपालिका उद्योगहरु ब्यवसायीहरु | उद्योग,पर्यटन मन्त्रालय र पर्यटन बोर्ड जनप्रतिनिधिहरु | तीन बर्ष भित्र | आवश्कयता अनुसार | कृषि हस्तकला पर्यटन (होमस्टे लगायत) घरेलु ब्यवसाय जस्ता उद्योगहरु स्थापना भएका हुने | समन्वय सहयोग अभाव हुन सक्ने |
| २० | कृषि प्रशोधन सुविधाहरुको स्थापना | नगरपालिका र नीजि क्षेत्रहरु | नेपाल सरकार,प्रदेश सरकार, | पाँचौ बर्ष सम्ममा | बिभिन्न निकायहरुबाट अनुदान तथा ऋण र स्वपुजीबाट बजेट प्राप्त हुने | खाद्य प्रशोधन प्लान्टहरु,फलफुल र तरकारी प्याकेजिड एकाईहरु दुग्ध प्रशोधन केन्द्रहरु,शित भण्डार र अन्न मिलिड कारखानाहरु जस्ता कृषि प्रशोधन सुविधाहरु स्थापना भएका हुने | समन्वय र बजेट अभाव हुन सक्ने |
| २१ | खाद्य प्रशोधन र संरक्षण सम्बन्धी तालिम | नगरपालिका | कृषि मन्त्रालय | निरन्तर | न.पा. र मन्त्रालयबाट गरी बार्षिक ५ लाख | खाद्यान्न डिहाइडेट,क्यानिङ,फ्रिजिङ र पिकलिङ प्रबिधि सम्बन्धी तालिम सम्पन्न भएका हुने | बजेट अभाव हुन सक्ने |
| २२ | दिगो कृषि र एग्रो इकोलोजिमा जोड | नगरपालिका | कृषि मन्त्रालय | निरन्तर | न.पा. र मन्त्रालयबाट गरी बार्षिक ५ लाख | जैविक खेती प्रबिधि,कृषि बन प्रणाली र पर्माकल्चर सिद्धान्त सम्बन्धी तालिम प्राप्त गरी युवाहरु रोजगारीमा लागेका हुने | समन्वय र बजेट अभाव हुन सक्ने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३ | हरित पूर्वाधार विकास | नगरपालिका | विकास सम्बद्ध सबै निकायहरु | निरन्तर | आवश्कयता अनुसार | बातावरणमैत्री भौतिक पूर्वाधार,तटीय क्षेत्रमा बृक्षारोपण बातावरण अनुकुल आवस निर्माण र बिद्युतीय उर्जाको प्रयोगमा बृद्धि भएको हुने | समन्वय र बजेट अभाव हुन सक्ने |
| २४ | सामुदायिक पर्यटन प्रबद्र्धनमा साझेदारी | स्थानिय उद्यमी र युवाहरु | नगरपालिका र पर्यटन बोर्ड | निरन्तर | साझेदारीमा बजेट ब्यवस्था हुने | होमस्टेमा स्थानिय सास्कृती प्रदर्शन गरी पर्यटनको आगमनमा बृद्धि भएको हुने | |
| २५ | घरेलु तथा साना उद्योग प्रबद्र्धनमा साझेदारी | स्थानिय उद्यमी र युवाहरु | नगरपालिका ,घरेलु बिभाग उद्योग बिभाग | निरन्तर | साझेदारीमा बजेट ब्यवस्था हुने | घरेलु साना तथा मझौला उद्योगहरु स्थापना भई रोजगार बृद्धि भएको हुने | |
| २६ | अनुगमन र मूल्यांकनका लागी एक संयन्त्र निर्माण | नगरपालिका | स्थानिय उद्योग बाणिज्य संघ | पहिलो बर्षको ६ महिना भित्र | नचाहिने | नगपालिकाका नगरप्रमुखको संयोजकत्वमा रोजगार रणनीतिक कार्ययोजना निर्देशन ,नगरउपप्रमुख संयोजकत्वमा अनुगमन तथा मुल्यांकन समिति गठन भएको हुने | |
| २७ | नियमित र आवधिक रुपमा | निर्देशन अनुगमन तथा | नगरपालिका र रोजगार सेवा केन्द्र | आवधिक र आकस्मिक रुपमा | बार्षिक १ लाख | चौमासिक रुपमा अनुगमन र मुल्यांकन गरी सुझाव सहितको प्रतिबेदन प्राप्त भएको हुने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुगमन र मुल्यांकन | मुल्यांकन समिति | | निरन्तर | | | |
| २८ | रणनीतिक कार्य योजनाको समिक्षा | नगरपालिका | बिज्ञ परामर्शदाता | दोश्रो र अन्तिम बर्ष | ५ लाख | दुई पटक समिक्षा गरी परिमार्जित रणनीति प्राप्त भएको | |
| २९ | लैङिगक मैत्री बाताबरण सिर्जना | नगरपालिका | नगरपालिका र रोजगार सेवा केन्द्र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा विकासदारी साझेदारी संघ संस्थाहरु | निरन्तर | ५ लाख | सुचकका आधारमा कार्यान्वयन लगीने छ साथै बाल श्रम मुतm नगरपालिका क्रियाकलापहरु बढाइने छ | |

अनुसूचीः ४

(खण्ड ८ सँग सम्वन्धित)

राजापुर नगरपालिकाको रोजगार रणनीति नतिजा खाका

| क्र.स. | नतिजा सूचक | एकाई | आधार तथ्यांक | लक्ष्य आर्थिक बर्ष अनुसार | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ |
| १ | बेरोजगार तथा रोजगारीका अवसरको नक्शांकन | पटक | ० | १ | ० | ० | ० | ० |
| २ | विविध क्षेत्र पहिचान र बिश्लेषण | पटक | ० | १ | ० | ० | ० | ० |
| ३ | लगानी प्रबद्र्धन अभियान कार्यक्रम | कार्यक्रम ओटा | ० | २ | १ | १ | १ | १ |
| ४ | उद्यमशिलता विकास कार्यक्रम | पटक | १ | ४ | ४ | ४ | ४ | ४ |
| ५ | आर्थिक पूर्वाधार विकास | आयोजना | | नतोकिएको | नतोकिएको | नतोकिएको | नतोकिएको | नतोकिएको |
| ६ | मूल्य अभिबृद्धिका लागि कृषि प्रशोधन उद्यमहरु स्थापना र संचालनमा सहयोग | संख्या | | २ | ४ | ५ | ४ | ४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ब्यावसायिक तालिम कार्यक्रम डिजाइन र कार्यान्वयन | पटक | | ३ | ३ | ३ | ३ | ३ |
| ८ | पढदै कमाउदै कार्यक्रम संचालन | विद्यालय संख्या | | १ | २ | २ | २ | १ |
| ९ | बैदेशिक रोजगार केन्द्रित सीपमुलक तालिम | पटक | | १ | २ | २ | २ | २ |
| १० | महिला शिक्षा अभियान | जना | | २० | ४० | ६० | ६० | ६० |
| ११ | महिला सचेतनामा युवा परिचालन | पटक | | १ | २ | ३ | २ | २ |
| १२ | अर्ध दक्ष युवा रोजगारी | पटक | | १ | ३ | ४ | ४ | ३ |
| १३ | सडक निर्माण र मर्मत सम्भार | | | नतोकिएको | नतोकिएको | नतोकिएको | नतोकिएको | नतोकिएको |
| १४ | भरपर्दो विद्युत सेवा र क्षमता बृद्धि | | | नतोकिएको | नतोकिएको | नतोकिएको | नतोकिएको | नतोकिएको |
| १५ | स्वच्छ खानेपानी तथा सरसफाई पूर्वाधार | | | नतोकिएको | नतोकिएको | नतोकिएको | नतोकिएको | नतोकिएको |
| १६ | गुणस्तरीय टेलिफोन र इन्टरनेट सेवा | | | नतोकिएको | नतोकिएको | नतोकिएको | नतोकिएको | नतोकिएको |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७ | उद्यमशीलता कार्यशाला तथा प्रशिक्षण | पटक | | १ | १ | २ | ० | ० |
| १८ | वित्तीय पहुँच बृद्धि | जना | १० | १५ | २० | २५ | २५ | २५ |
| १९ | स्थानीय उद्योग र श्रोतको प्रवद्र्धन | ओटा | | १ | २ | ३ | ३ | ३ |
| २० | कृषि प्रशोधन सुविधाहरुको स्थापना | ओटा | | २ | ५ | ५ | ५ | ५ |
| २१ | खाद्य प्रशोधन र संरक्षण सम्बन्धी तालिम | ओटा | | २ | ४ | ४ | ४ | ४ |
| २२ | दिगो कृषि र एग्रो इकोलोजिमा जोड | जना | | २० | २० | २० | २० | २० |
| २३ | हरित पूर्वाधार विकास | | | नतोकिएको | नतोकिएको | नतोकिएको | नतोकिएको | नतोकिएको |
| २४ | सामुदायिक पर्यटन प्रबद्र्धनमा साझेदारी | पर्यटक जनामा | | ५००० | १०००० | १२००० | १५००० | २०००० |
| २५ | घरेलु तथा साना उद्योग प्रबद्र्धनमा साझेदारी | रोजगार जनसंख्या | | १०० | १२० | १३० | १४० | १५० |
| २६ | अनुगमन र मूल्यांकनका लागी एक संयन्त्र निर्माण | समिति | | २ | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७ | नियमित र आवधिक रुपमा अनुगमन र मुल्यांकन | पटक | | ४ | ४ | ४ | ४ | ४ |
| २८ | रणनीतिक कार्य योजनाको समिक्षा | पटक | | | १ | | १ | १ |
| २९ | लैङ्गिक मैत्री बाताबरण सिर्जना | पटक | | २ | १ | | १ | |